# धनुषा जिल्लाको क्षेत्रीय (उत्तरी) भेगमा प्रचलित लोककथाहरूको सङ्कलन र अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तहको द्वितीय वर्षको
दशौँ पत्रको आंशिक प्रयोजनका लागि प्रस्तुत
अध्ययन पत्र

प्रस्तोता
कुमार बहादुर दहाल

नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ
२०६८

## कृतज्ञता ज्ञापन

लोकसाहित्य भनेको नेपालीहरूको वास्तविकता झल्काउने र नेपालको समग्र रूपमा परिचय दिन सक्ने साहित्य हो । लोकसाहित्य भित्रका थुप्रै विधाहरूमध्ये लोककथाको आफ्नो छुट्टै पहिचान भएको हुँदा यस क्षेत्रमा कदम बढाएको हुँ । धनुषा जिल्लामा के-कस्ता लोककथाहरू लुकेर बसेका रहेछन् र ती कथाहरूले के-कस्ता पृष्ठभूमि बोकेका रहेछन् भन्ने कुरा पहिले देखि नै खुल्दुली लागिरहेको थियो । तर आज यो कार्य सम्पन्न भएको छ ।

मलाई समयमै सही सुझाव दिनुभई लोककथाको सङ्कलन गर्न अनुमति प्रदान गर्नुहुने विभागीय प्रमुख डा. राजेन्द्र सुवेदीज्यूप्रति म कृतज्ञ छु । त्यस्तै अर्का विद्वान गुरु उप.प्रा. नारायण गर्तौलाज्यूप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । जसको सानो सुझाव भए तापनि मेरो कथा सङ्कलन कार्यको लागि ठूलो मार्गनिर्देशन भएको मैले ठानेको छु ।

घरगृहस्थीको सम्पूर्ण अभिभारा वहन गरी पढ्ने वातावरण मिलाइदिई सहयोग पुऱ्याइदिने जीवन संगिनी सरस्वतीलाई धन्यवाद दिन चाहन्छु । मेरो उज्वल भविष्यको कामना गर्दै सधैं आशिर्वाद वर्षाइरहनु हुने स्वर्गीय पिता यज्ञ बहादुर दहाल र माता मनमाया दहालका चरकमलमा यो सानो प्रयास समर्पण गर्दछु । त्यस्तै मेरा अर्का सहयोगी मित्र रामप्रसाद खरेल, शुसिल के.सी.लाई पनि धन्यवाद दिन चाहन्छु । साथै टाइपिङ गरेर यस कार्यलाई मूर्त रूप दिई सहयोग गर्ने साथी जनक ढकाललाई पनि धन्यवाद दिन चाहन्छु ।

........................

कुमार बहादुर दहाल

## विषयसूची

### परिच्छेद : एक

### परिचय


१.१ विषय प्रवेश १

१.२ समस्या कथन १

१.३ उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको प्रयोजन ३

१.६ शोध विधि ३

१.७ शोधकार्यको सीमाङ्कन ४

१.८ शोधपत्रको रूपरेखा ४


### परिच्छेद : दुई

### लोककथा सिद्धान्त


२.१ विषय प्रवेश ५

२.२ परिभाषा ६

२.३ लोककथाका विशेषताहरू ७

२.३.१ उपदेशात्मकता ८

२.३.२ प्रेममय भावनाको प्रदर्शन ८

२.३.३ मानवका मूल प्रवृत्तिहरूमा निरन्तर सहचरित्र ८

२.३.४ कल्पनाको प्राचुर्य ९

२.३.५ अप्राकृतिक मानेवतर तत्वको समावेश ९

२.३.६ लोकरञ्जरकता ९

२.३.७ अश्लील श्रृङ्गारको अभाव ९

२.४ लोककथाको तत्वहरू १०

२.४.१ कथावस्तु १०

२.४.२ पात्र र तिनको चरित्र १०

२.४.३ देश, काल र वातावरण ११
२.४.४ भाषाशैली एवं संवाद ११
२.४.५ उद्देश्य ११
२.५ लोककथाको वर्गीकरण १२
२.५.१ प्राचिन वर्गीकरण १२
२.५.२ पश्चात्य वर्गीकरण १३
२.५.३ प्राच्य वर्गीकरण १३
२.५.४ नेपाली वर्गीकरण १४
२.५.४.१ सांस्कृतिक-ऐतिहासिक लोककथाहरू १६
२.५.४.२ अर्तिउपदेशका कथाहरू १६
२.५.४.३ पशुपंक्षीका लोककथाहरू १६
२.४.४.४ मानवविशेष स्वभाव र प्रवृत्तिका कथाहरू १६
२.५.४.५ अतिमानवीय लोककथाहरू १७
२.५.४.६ दैवी लोककथाहरू १७
२.५.४.७ फलफूलका लोककथाहरू १७
२.५.४.८ साहसी तथा बहादुरीका लोककथाहरू १७
२.५.४.९ धार्मिक लोककथा १८
२.५.४.१० विविध लोककथाहरू १८
२.६ लोककथाको उत्पत्ति १८
२.६.१ प्रकृतिवाद १९
२.६.२ प्रसारवाद १९
२.६.३ विकासवाद २०
२.६.४ इच्छापूर्तिवाद २०
२.६.५ यथार्थवाद २०
२.७ लोकथाको अध्ययन परम्परा २०
२.७.१ पृष्ठभूमि (आरम्भदेखि १८० सम्म) २१

२.७.२ अनुदित लोकआख्यान परम्परा (१८३१-१९९५) २२

२.७.३ नेपाली लोककथाको सङ्कलन परम्परा (१९९६) देखि आजसम्म) २२

२.७.४ बाललोककथाहरू २३

निष्कर्ष २४

## परिच्छेद : तीन

## संकलित लोककथाहरूको वर्गीकरण

३.१ विषय प्रवेश २५

३.२ शिल्पविधानको आधारमा २५

३.२.१ घटना प्रधान लोककथा २६

३.२.२ चरित्र प्रधान लोककथा २६

३.२.३ परिवेश प्रधान लोककथा २६

३.३ उद्देश्यको आधारमा २६

३.३.१ मनोरञ्जन प्रधान लोककथा २६

३.३.२ नीति प्रधान लोककथा २६

३.४ विषय वस्तुको आधारमा २७

३.४.१ मानिस र पशुपंक्षी सम्बन्धी लोककथा २७

३.४.२ सामाजिक लोककथा २७

३.४.३ पौराणिक लोककथा २८

निष्कर्ष २८

## परिच्छेद - चार

## सङ्कलित लोककथाहरू

४.१ स्यालको फैसलाको कथा २९

४.२ घोडा चोरको कथा ३०

४.३ लाटो बाघ र चलाख मानिसको कथा ३०

४.४ मुसाको कथा ३१

४.५ भालु र स्यालको कथा ३२

४.६ आमाछोराको कथा ३३

४.७ चलाख छोरीको कथा ३४
४.८ बाबुछोराको कथा ३५
४.९ एउटा राजा र तीन रानीहरूको कथा ३६
४.१० ऋषिको छोराको कथा ३७
४.११ आमा र दुई छोराहरूको कथा ३८
४.१२ प्रेतबाट मानिस बचेको कथा ३९
४.१३ दुई गाँड भएको मानिसको कथा ४०

**परिच्छेद : पाँच**

**सङ्कलित लोककथाहरूको विश्लेषण र मूल्याङ्कन**

५.१ विषय प्रवेश ४२
५.२ स्यालको फैसलाको कथा ४२
५.३ घोडा चोरको कथा ४३
५.४ लाटो बाघ र चलाख मानिसको कथा ४४
५.५ मुसाको कथा ४४
५.६ भालु र स्यालको कथा ४५
५.७ दुई आमाछोराको कथा ४६
५.८ चलाख छोरीको कथा ४६
५.९ एउटा राजा र तीन रानीको कथा ४७
५.१० ऋषीको कथा ४८
५.११ बाबुछोराको कथा ४८
५.१२ आमा र दुई छोराको कथा ४९
५.१३ प्रेतबाट मानिस बचेको कथा ५०
५.१४ दुई गाँड भएको मानिसको कथा ५०
५.१५ सङ्कलित लोककथाहरूको मूल्याङ्कन ५१
निष्कर्ष ५२

**परिच्छेद : छ**
**उपसंहार** ५३

सन्दर्भग्रन्थ सूची

परिशिष्ट सूचाङ्क

# परिच्छेद : एक

# परिचय

## १.१ विषय प्रवेश

लोककथाको परिचय दिनुभन्दा अगाडि लोकसाहित्यको परिचय दिनु सान्दर्भिक हुन्छ किनभने लोककथा साहित्यको अभिन्न अङ्ग हो । साहित्यिक शब्द “सहित” मा ‘घञ्’ प्रत्ययको योग भई अन्य अक्षरको लोप भएर सिद्ध भएको शब्द हो । यस शब्दको अर्थ शब्द र अर्थको यथावत सहभाव अथवा साथ रहने क्रिया हो । साहित्य शब्द ‘हित’ शब्दमा ‘स’ उपसर्ग लागि साहित्य भएको हो । अङ्ग्रेजीमा साहित्यलाई (लिट्रेचर) भनिन्छ । लोकसाहित्यलाई कतै-कतै साहित्यको विशेषण हो भन्न खोजिएको भए तापनि यहाँ लोक शब्द विशेषणको रूपमा आएको छैन । लोकसाहित्य लोकको साहित्य भन्ने अर्थमा लोक र साहित्य दुई शब्दको षष्ठी तत्पुरुष समास प्रक्रियाद्वारा व्युत्पादन भएर निर्मित समस्त शब्द हो, भन्नु नै उपयुक्त ठहर्छ । लोकसाहित्यमा जनताको इतिहास तथा लोकजीवनको दर्शन, विश्वास र परम्परा हुन्छन् ।

## १.२ समस्या कथन

नेपाली बहुजातीय बहुभाषिक मुलुक हो । विविध प्रकारको सामाजिक भाषिक तथा साहित्यिक भिन्नता भएको कारणले विविध प्रकारका लोक संस्कार भित्र लोककथाहरू लुकेर रहेका छन् । अत : ती लोककथाहरूलाई सङ्कलन र अध्ययन गरी प्रकाशमा ल्याउन नितान्त आवश्यक भएकोले यस अध्ययन पत्रमा धनुषा जिल्लाका क्षेत्रीय लोककथाहरूको सङ्कलनलाई मुख्य समस्याको रूपमा लिइएको छ ।

१. लोककथा भनेको के हो ?

२. धनुषा जिल्लामा प्रचलित लोककथाको अवस्था कस्तो छ ?

३. धनुषा जिल्लामा प्रचलित लोककथाहरू के कति प्रकारका छन् ?

४. धनुषा जिल्लामा प्रचलित लोककथाका विशेषता के कस्ता छन् ?

## १.३ उद्देश्य

नेपालको सिङ्गो लोककथा परम्पराको अध्ययन गर्ने क्रममा भावी शोधार्थीहरूलाई प्राज्ञिक सहयोग पुग्न सक्ला भन्ने विचार गरेर नेपाली लोककथाको आंशिक अध्ययन गर्ने उद्देश्य लिई यो अध्ययन पत्र तयार गर्न लागिएको छ । धनुषा जिल्लाको क्षेत्रीय लोककथाहरूको सङ्कलन गरी अध्ययन गर्नु, तिनका माध्यमबाट नेपाली लोककथाको परिचय दिनु नै यस अध्ययन पत्रको मुख्य उद्देश्य हो ।

१. लोककथाको परिचय तथा परिभाषा प्रस्तुत गरिएको छ ।

२. धनुषा जिल्लामा प्रचलित लोककथाहरूको अवस्था प्रस्तुत गरिएको छ ।

३. ती लोककथाहरूको प्रकारको विवण प्रस्तुत गरिएको छ ।

४. धनुषा जिल्लामा प्रचलित लोककथाहरूको विशेषता केलाइएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

नपाली लोककथाको अध्ययन विश्लेषण गर्ने कार्य प्रयाप्त मात्रामा भए पनि धनुषा जिल्लामा प्रचलित लोककथाको संङ्कलन, वर्गीकरण र विश्लेषण गर्ने कार्य भएको देखिदैन । यहाँ लोककथा सम्बन्धि केही पूर्व अध्ययनलाई कालक्रम अनुसार उल्लेख गरिएको छ ।

इमानसिंह चेम्जोङ

जुजुमान कुश्ले

तुलसी दीवस

इमानसिंह चेम्जुङले वि.सं. २०११ सालमा ‘किराँती दन्ते कथा’को प्रकाशित गर्नुभयो तर उहाँले धनुषा जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथाहरूको सङकलन, वर्गीकरण र विश्लेषण गर्ने कार्य गर्नु भएको देखिदैन ।

जुजुमान कुश्लेले वि.सं. २०१६ सालमा ‘सुनौलो कथा’ प्रकाशित गर्नु भयो । उहाँको उक्त प्रकाशित कृतिमा धनुषा जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथाहरूको संकलन, वर्गीकरण र विश्लेषण गर्ने कार्य भएको देखिदैन ।

तुलसी दिवसले २०३२ सालमा 'नेपाली लोककथा' प्रकाशित गर्नु भयो तर उहाँले धनुषा जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथाहरूको संकलन, वर्गीकरण र विश्लेषण गर्ने कार्य भएको देखिदैन ।

नेपाली लोककथाहरूको बारेमा पूर्वकार्यलाई आधार मानी धनुषा जिल्लाको क्षेत्रीय लोक कथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.५ शोधकार्यको प्रयोजन

लोकसाहित्यको आफ्नै मौलिक परम्परा भएको हुनाले सबै वर्गका विद्यार्थीहरूले लोकसाहित्यमा चासो देखाउने गरेको पाइन्छ । त्रि.वि.को नेपाली स्नातकोत्तर तह दोस्रो वर्षको दशौँ पत्रमा लोकसाहित्यको अध्ययन पनि एउटा छुट्टै विषयको रूपमा आएको छ । लोकसाहित्य आफैँमा मनोरञ्जनपूर्ण र रोचक हुने भएकाले  विद्यार्थी वर्गका लागि अध्ययन पत्रको प्रयोजन स्पष्ट देखिन्छ । धनुषा जिल्लाका लोककथाका बारेमा अध्ययन गरिएकाले यसको प्रयोजन र महत्व व्यापक रहेको छ ।

## १.६ शोध विधि

### क. सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययन पत्रमा सम्बन्धित क्षेत्रमा गई लोककथाहरूको सङ्कलन गरिएकोले क्षेत्रीय अध्ययन विधि यसको प्रमुख विधि रहेको छ । त्यसैगरी लोककथाको सार्वभौम मान्यतालाई स्थापित गर्न र सैद्धान्तिक कुराको खोज गर्न पुस्तकालय विधि पनि अवलम्बन गरिएको छ । यसरी दुई क्षेत्रीय शोधविधि र पुस्तकालय शोधविधिलाई तालमेल गराई सामग्री सङ्कलन गरिएको छ ।

### ख. अध्ययन विधि

लोककथाको सैद्धान्तिक आधारलाई अवलम्बन गरी सङ्कलन, वर्गीकरण, विश्लेषण, व्याख्या आदि विधिका आधारमा सङ्कलित लोककथाको अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

लोककथा नेपाली जनजीवनको महत्वपूर्ण प्राचीन सम्पदा हो लोककथा । नेपाली जातिको उत्पति जति पुरानो छ, लोककथाको त्यति नै पुरानो छ । यस्तो गहन विषयलाई यस अध्ययन पत्रको कार्यक्षेत्र भित्र समेट्न गाह्रो भए तापनि प्रस्तुत अध्ययन पत्र धनुषा जिल्लाका बैंगाबर, तुलसी, ढल्केबार, बटेश्वर, लक्ष्मीनिवास र हरिहरपुर गा.वि.स. भित्र प्रचलित लोककथाहरूको अध्ययन र सङ्कलनमा आधारित छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न किसिमले विभाजन गरिएको :

प्रथम परिच्छेद : परिचय

द्वितीय परिच्छेद : लोककथाको सिद्धान्त

तृतीय परिच्छेद : सङ्कलित लोककथाहरू

चतुर्थ परिच्छेद : सङ्कलित लोककथाहरूकोह वर्गीकरण र अध्ययन

पञ्चम परिच्छेद : सङ्कलित लोककथाहरूको विश्लेषण र मूल्याङ्कन

छैठौ : उपसंहार

सन्दर्भग्रन्थ सूची

परिशिष्ट : सूचक

# परिच्छेद : दुई

# लोककथाको सिद्धान्त

## २.१ विषय प्रवेश

लोककथाको बारेमा कुरो उठ्ने बित्तिकै संसारका सम्पूर्ण जीवहरू, भौतिक पदार्थहरू, अझ अलौकिक स्वप्निल धरातलका कुराहरू मानव मन र क्षमताले भेट्नेसम्मका कुराहरूको कालक्रमअनुसार चलिरहेको चक्र नै कथा हो, भन्ने कुराको अभास हुन्छ । चेतनशील प्राणीहरू र अचेतन वस्तुहरूको एक अर्कामा अन्योन्याश्रित सम्बन्ध भएर बनेको हो भनेर भन्न सकिन्छ । यसरी कथाको बारेमा भन्नुपर्दा संसारको सृष्टि, स्थिति, परम्परासम्मका सम्पूर्ण कुराहरू समष्टि रूपमा कथा हुन्छ । कथाको परिभाषालाई एउटै परिभाषामा अटाएर भन्न सक्नु साह्रै अप्ट्यारो कुरा हो । हामीले दिने परिभाषाहरू हाम्रो अनुभूतिले मनन् गर्न सकेका कुराहरूको परिभाषा मात्र हुन् ।

संसारका प्राणीहरूको जन्म हुने क्रममा मानवको जन्म अवश्य पनि अन्य प्राणीभन्दा चेतनशील रह्यो होला । अनि आफ्नो उत्पतिको स्रोतलाई सर्वप्रथक आश्रयको रूपमा ग्रहण गऱ्यो होला । यी चिन्ताबारे मानव अनभिज्ञ भए पनि पृथ्वी, जल, तेज वायु र आकाश साक्षी छन् । पृथ्वीको सम्पूर्ण कथा सूर्यनारायणलाई थाहा होला ।

जब मानिसले आफ्नो वरिपरि आफू जस्तै प्राणीहरूलाई देख्यो, त्यो जमातलाई 'लोक' भन्यो होला । उसले अनेकौं लोकहरू आफ्ना वरिपरि रहेको देखेर आफ्नो मनमा जन्मिएका अनुभूतिहरूको कथा सुरु गऱ्यो होला । दिन, रात, फेरि दिन, फेरि रात भएको कालक्रमको अनुभव गरेर लोककथाको अनुभव आफूमा विकसित गरेको थियो होला । यसरी सम्पूर्ण संसारको जन्म, मृत्यु र निरन्तर रूपमा बदलिइरहने यो संसारको कथालाई लोककथाको संज्ञा दिइएको हुनसक्छ ।

कथाको व्याप्ति भन्ने कुरामा व्याख्या गर्दा संसार, अन्तरीक्षा, आकाश, त्यसभन्दा पनि पर कुनै बोधगम्य वस्तु छ भने त्यो कथा हो । अनुभूतिको चक्र कथा हो । संसारमा जे जति देखिन्छ, मानवको अनुभूतिमा त्यो कथा नै हुन्छ । यो अपरम्पार लोक र यसको कथाको आदि र अन्त्य हुँदैन ।

लोककथा जीवनको धरातलमा हुन्छ । जीवनको विन्दुभन्दा पूर्व र परको कथा भौतिक धरातलको कथा हो । कथालाई लोककथाको धरातलमा अवतरण गराए पश्चात पनि संसारका लोककथा, नेपालका लोककथा हुँदै धनुषा जिल्लाको क्षेत्रीय भेगका केही व्यक्तिहरूले एक क्षणमा प्रकाश पारेका लोककथाहरूको कुरा मात्र यो अध्ययन पत्रमा सीमित गरिएको छ । यसलाई व्यक्तिगत रूपमा 'अणु' मात्र हो भन्न सकिन्छ ।

लोककथाहरूको सङ्कलन र प्रकाशन भन्ने कुरा लिपिवद्ध भाषाको राम्रो विकास भएर शिक्षाको प्रचार-प्रसार हुन थालेपछि मात्र सम्भव हुने कुरा भएकोले नेपालमा धेरै पछि मात्र सुरु भएको पाइन्छ । पठनपाठनको क्रममा संसारको सामु निकैपछि परेकोले नै हाम्रो देशको कुनै पनि क्षेत्रमा विकास हुन सकेको छैन । लोककथाको अध्ययन सङ्कलन संरक्षण गर्ने कुरा पनि पछि परेको हो ।

## २.२ परिभाषा

लोककथाको अध्ययन गरेर पारङ्गत भएका केही विद्वानहरूका लोककथा सम्बन्धी परिभाषाहरू निम्न बमोजिम उद्धृत गरिएको छ :

१. नेपाली वृहत शब्दकोशमा लोककथाको परिभाषा दिने क्रममा यसरी लेखिएको छ : "लोककथा भनेको परम्परादेखि मौखिक रूपमा चलिआएको कथा हो ।"

२. नेपाली लोकसाहित्यका अध्येताद्वय जनकवि केशरी धर्मराज थापा र हंसपुरे सुवेदीका भनाइमा "कल्पनाको धरातलमा अडिएका जनश्रुतिमा आधारित परापूर्वकालदेखि एकनास पुस्तौँपुस्ता मुखमुखै चलेर आएका कथाहरू नै लोककथा हुन् ।"

३. भैरव अर्यालले लोककथाको परिभाषा यसरी दिएका छन् :

"विश्वमा कुनै यस्तो जाति छैन जसकहाँ केही आफ्नै लोककथाहरू नहुन्, तर जुनसुकै जातिको लोककथा भए पनि यसको भनिने र सुनिने परम्परा प्रायः उस्तै हुन्छ । लोककथाका पात्रहरू मानवीय मात्र नभई दैविक र पशुपन्छी आदि विभिन्न हुन्छन् । स्यालको छट्टुपन, बिरालाको चोर चाला, सामन्तीको मनक्षी, सोझाको सङ्कट, बुढाबूढीको करकर र युवायुवतीका आकर्षण-विकर्षणहरूमा प्रायः सबै जातिले मनोरञ्जक कथाहरू हालेका पाइन्छ ।"

मान्छे कथा सुन्ने तिर्सनामा आफ्नै बानीव्यहोरा सुन्छ र आफ्नै जीवनका दुःख, सुख, रमाइला-नरमाइलाहरू सुन्छ । आफ्नै संसारका रीतिस्थितिहरू सुन्छ ।

वासुदेव त्रिपाठीका अनुसार- "लोककथाका स्वप्निलता र कल्पनाशीलताको काखमा सुतिरहेका आदिम जीवनका सङ्केतहरूलाई हामीले विश्लेषणात्मक हेराइले आत्मसात गर्नुपरेको छ ।"

एड्मन सिद्नी हार्ट लैण्डकाअनुसार- "परम्पराबाट प्राप्त वर्तमान स्वरूपमा प्रकट भएका यस्ता लोककथाहरू न त दैवीशक्ति हुन्, न त ब्रह्माण्ड सम्बन्धी, न त राष्ट्रिय घटनाहसँग सम्बन्ध रहने खालका हुन्छन्, परन्तु यस्ता कथाहरूमा अलौकिक तत्वको महत्वपूर्ण स्थान रहेको हुन्छ ।"

मोतिलाल पराजुलीकाअनुसार- लोककथा लोकसाहित्यको आख्यानयुक्त गद्य विधा  हो । सामान्यतः लोकजीवनका आस्था, विश्वास, व्यवहार र चिन्तनलाई कल्पनाको आवरण दिएर रोमाञ्चक आख्यान तत्वहरूको मिश्रण गरी लोकसमुदायद्वारा रचना गरिएका मौखिक परम्परामा जीवित परम्परित कथाहरू नै लोककथा हुन् ।"

माथिका परिभाषाहरूको निष्कर्ष यस्तो निकाल्न सकिन्छ- "लोककथा भन्नाले परम्परामा मौखिक रूपमा जीवित आख्यान हो, जुन भन्ने वाचक र सुन्ने श्रोताका बीच रमाइलो वातावरणमा फैलने गरेको पाइन्छ ।

## २.३ लोककथाका विशेषताहरू

लोजीवनका सुख-दुःखको अनुभूतिलाई प्रभावकारी रूपमा अभिव्यक्ति गर्ने मौखिक परम्परामा बाँचेको लोककथाको उद्देश्य सुकुमार मानव हृदयलाई मनोरञ्जन प्रदान गर्नु हो । केही लोककथाहरूमा श्रोताहरूको मन जित्न अप्राकृतिक, अतिरञ्जनात्मक, अपत्यारिला घटनाहरू समेत समावेश गरिन्छ । तर केही लोककथाहरू वीरता, धैर्य, नीतिमूलक, शिक्षाप्रद, अर्ती-उपदेश दिने जस्ता यथार्थ कुराहरू र लोकजीवनका तथ्य र मार्मिक घटनाहरू समेत लोककथामा निहीत   हुन्छन् ।

लोककथा एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने क्रममा कतिपय लोककथाहरूले आफ्नो प्रारम्भिक स्वरूपलाई काँटछाँट गर्दै नवीनता ग्रहण गर्दछ र विस्तृत रूपमा फैलदै जान्छ तर

यसको रचना कसले गऱ्यो भन्ने बारेमा कथावाचक र श्रोता दुवैजनालाई ज्ञान हुँदैन । त्यसकारण लोककथाका रचयिता अज्ञात नै हुन्छन् । लोककथाका विशेषताहरू यस्तै र यति नै हुन्छन् भनेर किटान गर्न सकिँदैन । हालसम्म नेपाली भाषामा रूपान्तरित लोककथाहरू र नेपाली कथामा पाइने विशेषतालाई ध्यानमा राख्दै संक्षिप्त परिचय निम्नानुसार दिइएको छ :

### २.३.१ उपदेशात्मकता

लोककथाको मुख्य अभिप्राय नै जनमानसलाई आनन्दानुभूति प्रदान गर्दै अप्रत्यक्ष रूपमा नैतिक शिक्षा, सुधारात्मक सन्देश, सकारात्मक र नकारात्मक अर्थको बोध गराउनु पनि हो । हाम्रा पूर्वजहरू आफूले देखेका, सुनेका, भोगेका, अनुभूत भएका घटनाहरू अरुलाई सुनाउने गर्थे । ती कथाहरू नैतिक सन्देश, बौद्धिक र मानसिक ज्ञान दिलाउने किसिमका हुन्थे । भूतप्रेत, राक्षस, देवी-देवतासम्बन्धी तथा लोकप्रिय राजा महाराजाका कल्याणकारी कार्यको कथा देशभक्ति र वीरताको कथाहरू नैतिक कथाहरूका मुख्य विषयवस्तु थिए । कथाले प्रत्यक्ष रूपमा श्रोता वर्गलाई मनोरञ्जन प्रदान गर्दछ भने प्रत्यक्ष रूपमा ती कथामा सच्चा आदर्श पात्र जस्तै बन्ने प्रेरणा पनि दिन्छ ।

### २.३.२ प्रेममय भावनाको प्रदर्शन

लोककथामा प्रेमलाई शाश्वत रूपमा प्रस्तुत गरिएको छ । लोककथामा राजा-रानीको प्रेम, राजकुमार-राजकुमारीको प्रेम, बाबु-आमा र सन्तानहरू बीचको प्रेम, दाजु-भाइ तथा दिदी-वहिनीहरूमा हुने प्रेम, मानव-पशुपन्छी बीचको प्रेम प्रदर्शन गरिएको हुन्छ । उक्त कथाहरूमा वर्णित प्रेममय भावनाले कथामा रोचकता ल्याई कथा श्रोतामा पनि प्रेममय भावना जागृत गर्दछ ।

### २.३.३ मानवका मूल प्रवृत्तिहरूमा निरन्तर सहचारिता

दया-माया, दुःख-सुख, लोभ-घृणा, विश्वासघात, कामक्रोध, चलाखी आदि जस्ता सम्पूर्ण मानव जातिका प्रवृत्ति हुनु । यी प्रवृत्तिहरूको अभिव्यक्ति लोककथामा पाइन्छ । यस्ता प्रवृत्तिहरू सबै मानव सर्वकालीका रूपमा निहीत हुन्छन् । लोककथाले मानव स्वभाव र प्रवृत्ति अभिव्यक्ति गर्नु पनि यसको मुख्य विशेषता हो ।

### २.३.४ कल्पनाको प्राचुर्य

लोककथा कल्पनाको उपज हो । यसमा यथार्थभन्दा कल्पनाकै प्राचुर्य बढी पाइन्छ । कुनै पनि कथावाचकले कल्पनाको फूलबुट्टा भर्दै, अपत्यारिला घटनालाई समावेश गर्दै कथालाई रोचक बनाइदिन्छ । कतिपय लोककथाहरूमा तथ्य र मार्मिक घटनाहरूलाई समावेश गरिएको पाइन्छ । यस्ता लोकथाहरूमा कल्पनाकै बोलवाला पाइन्छ । लोककथा काल्पनिक जगत्को सेरोफेरोमा रहनु यसको आफ्नै विशेषता हो ।

### २.३.५ अप्राकृतिक मानेवतर तत्वको समावेश

लोककथामा अप्राकृतिक तथा मानवेतर पात्रहरूलाई समावेश गरिने हुँदा लोककथा मनोरञ्जनात्मक हुन्छन् । यी कथाहरूमा प्रयुक्त प्रकृति जगत् तथा मानवेत्तर पात्रहरूले मानवीय गति र अस्तित्व कायम गर्ने हुँदा श्रोताको मनमा जिज्ञासा बढ्दै जान्छ । त्यसपछि कथातन्तुको एकपछि अर्को श्रृङ्खलाको फल कस्तो होला भन्ने उत्सुकतालाई जन्माएर कौतुहलले पाठकलाई डोऱ्याइरहेको हुन्छ । फलस्वरूप कथाश्रोता आफ्नो सम्पूर्ण पिडालाई नै बिर्सेर कथाको आनन्दमा डुबेको पाइन्छ । कथावाचकले कथा टुङ्ग्याएपछि मनले तृप्ती पाउँछ । यी तत्वहरू समावेश हुनु लोककथाको विशेषता हो ।

### २.३.६ लोकरञ्जकता

कुनै पनि कथावाचकले श्रोताहरूको मनलाई आकर्षित गर्नको लागि यथार्थ भन्दा परका तत्वहरू समावेश गर्दै यस किसिमका लोककथाहरू मनोरञ्जन प्रदान गर्नका लागि सुन्ने र सुनाउने गरिन्छ । यसबाट लोककथामा व्यवहारिक पिडा तथा दिनभरीको थकाइबाट एकै छिन भए पनि विश्राम लिएर आनन्द प्राप्त हुन्छ । श्रोतालाई मनोरञ्जन प्रदान गर्नका लागि अति-काल्पनिक तथा अपत्यारिला घटनाहरूलाई पत्यारिला बनाउँदै लैजानु लोककथाको विशेषता हो ।

### २.३.७ अश्लील श्रृङ्गारको अभाव

वासनात्मक प्रेम, कुण्ठित प्रेम, सौन्दर्य प्रति लोभ जस्ता प्रेमद्वारा सिर्जना भएका अश्लील प्रेमको स्थान लोककथामा मर्यादित प्रेमलाई आत्मसाथ गर्नु यसको विशेषता हो ।

लोककथामा सम्पूर्ण विशेषताहरूको उल्लेख गर्न असम्भव भएको हुँदा प्रमुख विशेषताहरूको सामान्य चर्चा गरिएको छ ।

### २.४ लोककथाको तत्वहरू

साहित्यका अन्य विधाहरूमा झैं लोककथाका रचना क्रममा विभिन्न तत्वहरूको आवश्यकता पर्दछ । लोककथालाई यिनै तत्वहरूले उपयुक्त बनाउन सकिन्छ भनेर किटान गर्न मिल्दैन । लोककथामा पाइने प्रमुख तत्वहरू कथावस्तु, पात्र र तिनका चरित्र, देश काल र वातवरण, भाषाशैली तथा संवाद आदि प्रमुख तत्वहरू हुन् ।

#### २.४.१ कथावस्तु

लोककथामा कथावस्तुको महत्वपूर्ण स्थान रहन्छ । किनकी कथावस्तु विनाको कथा निर्माण हुन सक्दैन । कथा वस्तुले नै लोककथालाई रोचक र विश्वसनीय तुल्याइदिन्छ । कथा एउटा कल्पनाको बीच रूपमा मात्र हो । कथानक चाहि त्यो बीच रूपबाट हुर्किएको, मौलाएको, फैलिएको अजङ्गको रुख जस्तै हो । लोककथाको आख्यान पक्षलाई हेर्दा यो एउटा संगठित कथा श्रृङखलामा रचिएको हुन्छ । एकादेशबाट प्रारम्भ भएको लोककथा भन्नेलाई फूलको माला..... आदि लोकशैलीमा निर्मित हुन्छ । घट्नाहरूको कौतुहलमय संयोजन नै लोककथाको सफलताको मूल तत्व हो ।

#### २.४.२ पात्र र तिनको चरित्र

लोककथा आख्यानात्मक रचना भएको हुँदा पात्रहरूलाई पनि तत्वगत दृष्टिले एक अभिन्न अङ्गको रूपमा लिन सकिन्छ । यसमा विभिन्न पात्रहरूलाई गरिएको हुन्छ । तर मूलरूपमा मानव पात्र र नै उपयुक्त हुन्छन् । मानवेत्तर पात्रहरूले अवश्य पनि मान्छेका विविध गुणहरू, विविध क्रियाकलापहरू गरिएको हुन्छन् । यसरी लोककथालाई प्रभावकारी बनाउन पात्र र चरित्र चित्रणले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

### २.४.३ देश, काल र वातावरण

लोककथाहरू एकादेशमा, उहिल्यै, धेरै वर्ष पहिले आदि जस्ता काल्पनिक स्थान वा समयबाट शुरु गरिन्छन् र स्वभाविक परिवेशको चित्रण गरिएको पाईदैन । काल्पनिक परिवेशमार्जित घट्ना व्यापार पनि वास्तविक जीवन जगतको भौतिक, अतिकाल्पनिक, अतिरञ्जनात्मक, अनौकिक प्रवृत्ति हावी भएको पाईन्छ । लोककथामा वर्णित कथावस्तु घटनाका आधारमा सामाजिक, धार्मिक, ऐतिहासिक र सांस्कृतिक विषय वस्तुद्धारा निर्मित परिवेशलाई लिन सकिन्छ । यसमा वर्णित घटना व्यापाक र पात्रको चरित्रिक विकासमा परिवेशले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

### २.४.४ भाषाशैली एवं संवाद

जुनसुकै लोककथामा पनि स्थानीय जनबोलीले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । लोककथामा भाषाशैली लोकबोली वा स्थानिय भाषाभन्दा अलग किसिमको हुन्छ । कथामा प्रयोग भएका भाषाहरू सरलसहज र प्राकृतिक किसिमको हुन्छन् । जुन त्यो समाजले सजिलैसँग ग्रहण  गर्दछ । लोककथामा कथावस्तुले आ-आफ्नो भाषाशैलीलाई अपनाई कथा प्रस्तुत गरेको पाइन्छ ।

कथामा संवादको पनि महत्ववपूर्ण भूमिका हुन्छ । विषयवस्तु, पात्र, चरित्रचित्रण आदि विषयवस्तुमा उपयुक्त खालको संवाद हुनुपर्छ । कथा एकातिर प्रसङ्ग अर्कोतिर भएको खण्डमा संवादले कथामा रोचकता र विश्वसनीयता ल्याउँदैन । अतः कथामा कथावस्तुको प्रसङ्ग विचार गरी उपयुक्त खालको संवादको आवश्यकता पर्दछ ।

यी तत्वहरूमध्ये कुनै एक तत्व मात्र भयो भने वा शिथिलता आयो भने लोककथा सुन्दर हुन सक्दैन । अतः यी तत्वहरू नै लोककथाका निर्माण तन्तु हुन् ।

### २.४.५ उद्देश्य

लोककथाको प्रयोजनलाई उद्देश्य भनिन्छ । प्रयोजनको अभावमा जुनसुकै वस्तु निरर्थक देखिन्छ । कथालाई सार्थक तुल्याउने अनिवार्य तत्व नै उद्देश्य हो । लोककथाहरू मुख्यतः मनोरञ्जनको प्रयोजनले सिर्जिएका हुन्छन् । मनोरञ्जनको अतिरिक्त लोककथाले नीति, उपदेश, शिक्षा दिने उद्देश्य पनि पूरा गरेको हुन्छ ।

## २.५ लोककथाको वर्गीकरण

नेपाली लोककथाको वर्गीकरणको क्रममा लोककथाका वर्गीकरण केही प्रारम्भिक आधारहरू र प्रचलित मान्यताहरूको चर्चा गर्नु आवश्यक र प्रासङ्गिक हुन्छ । मानव हृदयका अनुभूति, अनुभव र मानवकल्पनाहरू मानव समाजमा प्रचलित रीतिरिवाज सबथोक लोकको विषयक्षेत्रभित्र पर्दछन् । लोककथाको वर्गीकरणको विषयमा संसार भूमिका विद्वानहरूले अपनाई आएको विधि एउटै छैन । देश, काल, संस्कृति सापेक्ष हुने हुनाले लोककथाको वर्गीकरणको आधार पनि सोहि अनुसार भिन्नभिन्न छ । पूर्व र पश्चिमको मात्र होइन एउटै देश र एउटै संस्कृतिका विद्वानहरूको श्रेणी विभाजन पद्धति पनि एक अर्कासँग मेल नखाने हुन सक्छ, तैपनि धेरै जसो विद्वानहरूले कथाको स्वरूप, शैली विषय पात्रको प्रवृत्ति र उद्देश्य आदिलाई वर्गीकरण गर्दा ध्यानमा राख्ने गर्दछन् । त्यसैले यहाँ विभिन्न विद्वानहरूले दिएका केहि वर्गीकरण क्रमशः प्रस्तुत गरिएको छ ।

उद्देश्यको दृष्टिकोणले लोककथाको वर्गीकरण ३ वर्गमा गरिएको छ ।

(क) मनोरञ्जनात्मक

(ख) उपदेशात्मक

(ग) व्याख्यात्मक

### २.५.१ प्राचिन वर्गीकरण

संस्कृत साहित्यका आचार्यहरूले कथा साहित्यलाई प्रारम्भमा मूलतः २ भागमा विभाजित गरेका छन् ।

(क) कथा

(ख) आख्यायिका

आनन्दवर्द्धनले कथालाई ३ भेदमा वर्गीकरण गरेका छन् ।

(क) परीकथा

(ख) सकलकथा

हरिभद्रले कथालाई ४ भागमा वर्गीकरण गरेका छन् ।

(क) अर्थकथा

(ख) कामकथा

(ग) भर्मकथा

(घ) सङ्कीर्ण कथा

### २.५.२ पश्चात्य वर्गीकरण

जर्ज गोमेले कथालाई ४ भागमा वर्गीकृत गरेका छन् -

(क) शुद्धकथा

(ख) वीरकथा

(ग) गीतिकाव्य

(घ) स्थान विशेषसँग सम्बन्धित किंबदन्ती वा जनश्रुति

एन.टी. आर्नेले कथालाई ३ भागमा बाँडेका छन् -

(क) पशुपंक्षी कथा

(ख) शुद्धकथा

(ग) हस्यौली कथा चुट्किला लघुकथा

स्टिथ थोमसनले कथालाई ५ भागमा विभाजन गरेको पाइन्छ ।

(क) किंबदन्ती तथा परम्परागत कथाहरू

(ख) परीकथा

(ग) पशुपंक्षी कथा

(घ) नीतिकथा वा पञ्चतत्रीय कथा

(ङ) पौराणिक कथा

### २.५.३ प्राच्य वर्गीकरण

डा. दिनेशचन्द्र सेनले लोककथालाई ४ भागमा वर्गीकृत गरेको पाइन्छ -

(क) रूपकथा

(ख) हास्यकथा

(ग) धार्मिककथा

(घ) गीतिकथा

डा. सत्यन्द्रले लोककथालाई ८ भागमा वर्गीकृत गरेको पाइन्छ ।

(क) गाथाहरू

(ख) पशुप्रक्षी सम्बन्धि अथवा पञ्चतन्त्रीय कथा

(ग) परीकहानीहरू

(घ) बिक्रमका कहानीहरू

(ङ) बुझ्फोवल (गाउँ खानेकथा)

(च) निरीक्षण गर्भित कहानिहरू

(छ) साधु-सन्तका कथाहरू र

(ज) कारण निर्देशक र कहानीहरू

डा. कृष्णदेव उपाध्ययले लोककथालाई ६ भागमा वर्गीकृत गरेको पाइन्छ ।

(क) उपदेश कथा

(ख) व्रत कथा

(ग) प्रेम कथा

(घ) मनरोञ्जन कथा

(ङ) सामाजिक कथा

(च) पौराणिक कथा

यसरी पाश्चात्य तथा पूर्वीय लोककथाका अध्येताहरूले आ-आफ्नो तरिकाले वर्गीकृत गरेको पाइन्छ ।

### २.५.४ नेपाली वर्गीकरण

नेपाली लोकसाहित्यका अध्येताहरूले लोककथालाई निम्न तरिकाले वर्गीकरण गरेको पाइन्छ । धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोककथाको वर्गीकरण यस प्रकार गरेको पाइन्छ ।

(क) धार्मिक तथा सांस्कृतिक, एतिहासिक लोककथा

(ख) मानवी तथा अतिमानवी लोककथा

(ग) पशुपंक्षी लोककथा

(घ) दैवी लोककथा

(ङ) विविध लोककथा

कृष्णप्रसाद पराजुलीले लोककथालाई ४ भागमा बाँडेको पाइन्छ -

(क) पौराणिक कथा

(ख) नीतिकथा

(ग) पुरा कथा

(घ) परीकथा

डा. चुडामणि बन्धुले लोककथाहरूलाई ४ भागमा बाँडेको पाइन्छ -

(क) पौराणिक कथा र किंबदन्ती कथाहरू

(ख) परीकथा र नीतिकथाहरू

लोककथाका अध्येता तुलसी दिवसले लोककथालाई १० भागमा विभाजन गरेका छन् ।

(क) सांस्कृतिक-ऐतिहासिक लोककथाहरू

(ख) अर्ती उपदेशका लोककथाहरू

(ग) पशुपंक्षीका लोककथाहरू

(घ) मानव विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू

(ङ) अतिमानवीय लोककथाहरू

(च) दैवी लोककथाहरू

(छ) फलफूलका लोककथाहरू

(ज) साहसी तथा बहादुरीका लोककथाहरू

(झ) धार्मिक लोककथाहरू

(ञ) विविध लोककथाहरू

उपयुक्त विभिन्न विद्वानहरूको वर्गीकरणलाई अध्ययन गर्दा कृष्ण प्रसाद पराजुली र चुडामणी बन्धुको वर्गीकरणमा समानता देखिएको छ । धर्मराज थापा र हंसपुरे सुवेदीले तुलसी दिवसकै वर्गीकरणलाई समायोजन गरी ५ भागमा वर्गीकरण गरेका हुनाले तुलसी दिवसको वर्गीकरणलाई नै औचित्यपूर्ण मानिसएको छ ।

### २.५.४.१ सांस्कृतिक-ऐतिहासिक लोककथाहरू

संस्कृति तथा इतिहाससँग सम्बन्धित घटना विवरणलाई आधार मानी रचना गरिएका कथाहरूलाई ऐतिहासिक-सांस्कृतिक लोककथा मानिएको छ । यस्ता कथाहरूमा लोकले मान्दै आएका इतिहास, किंबदन्ती, लोकविश्वास आदि उल्लेख भएका उत्पति सम्बन्धि कथाहरू पर्दछन् । यस्ता कथाहरूमा गोरखनाथको कथा, कालभैरवको कथा, तुलजा भवानीको कथा, विभिन्न देवी देवताका कथा र ऐतिहासिक महापुरुषहरूको वर्णन गरिएको कथाहरू यस वर्गमा पर्दछन् ।

### २.५.४.२ अर्तिउपदेशका कथाहरू

अर्तिउपदेशका कथाहरूमा समाजले स्वीकृत गरेका कार्यहरू गर्ने र अस्वीकृत कार्यहरू नगर्ने भनेर शिक्षा दिने उद्देश्यले यस्ता कथाहरू सुन्ने सुनाउने गरिन्छ । खास गरी अभिभावक वर्गले आफ्ना सन्ततिहरूलाई सही मार्गमा हिँडाउने उद्देश्यले प्रेरित भई सुनाउने गरिन्छ । जसबाट आफ्ना सन्ततीहरू सहीमार्ग समाती जीविका निर्वाह गर्न सकुन ।

### २.५.४.३ पशुपंक्षीका लोककथाहरू

यस किसिमका लोककथाहरूमा पशुपंक्षी तथा मानव पात्र भएका कथाहरू पाइन्छन् भने कुनैमा पशुपंक्षी मात्र भएका लोककथाहरू पनि छन् । यस खालका कथामा उर्तीउपदेश दिने, पशुपंक्षीको स्वभाव दर्शाउने र मानव सेव ागर्नका लागि छद्म भेषमा देवी देवताहरू आएर पशुपंक्षी भई स्यालको चलाखी, बाघको क्रुरता, कोइलीका आवाज, हात्तिको दिव्यशक्ति जस्ता कुराहरूलाई यस्ता कथाहरूमा समावेश गरेको पाइन्छ ।

### २.४.४.४ मानवविशेष स्वभाव र प्रवृत्तिका कथाहरू

मानिस आदिमकालदेखि नै जन्मजात रूपमा आवेग र सम्वेग लिएर आएको हुन्छ । यिनै मानिसभित्र रहेका प्रवृत्ति, ठगी, चलाखी, विश्वासघात, ढाँट, छलकप, हिंसा जस्ता प्रवृत्तिहरू कथामा यत्रतत्र पाइन्छ । जसले समाजलाई जहिले पनि कुठारघात गरेको पाइन्छ । नेपाली समाजमा धुर्त नोकर, डाहाडे सानीआमा आदि जस्ता कथाहरू नेपाली लोककथामा प्रसस्त पाइन्छन् ।

### २.५.४.५ अतिमानवीय लोककथाहरू

यस खालका कथाहरूमा अद्भुत, अलौकिक र चमत्कारपूर्ण कथाहरू हुन्छन् र यस्ता कथाहरूमा अतिमानवीय पात्रहरू भुत, राक्षस, बोक्सी, परी तथा अप्सराहरू रहेको पाइन्छ । यस्ता कथामा कथानायकले कसैसँग सर-सहयोग नमागी आफै सहयोग गर्न आउँछन् र अन्त्यमा कथानायकको कार्य सजिलैसँग सफल हुन्छ । अदृश्य टोपी, चल सन्दुस, वायुपंखी घोडा आदि कुराहरू यस्ता कथाहरूमा पाइन्छन् ।

### २.५.४.६ दैवी लोककथाहरू

नेपालमा विभिन्न देवी देवताप्रति आस्थाविश्वास भएका जनसमुदाय पाइन्छन् । उनिहरूले मान्ने गरेका देवताहरू शिव-पार्वती, विष्णु-लक्ष्मी, सरस्वती, बुद्ध, कुष्ण आदि देव-देवीहरू कथामा उल्लेख भएका हुन्छन् । तिनीहरूले कथामा मानिसको भाग्य परिवर्तन गर्ने न्याय नपाएकालाई न्याय दिने र कथानायकको कार्य दक्षतामा वृद्धि गरि दिने जस्ता कार्यहरू गरिदिएको पाइन्छ ।

### २.५.४.७ फलफूलका लोककथाहरू

नेपाली समाजमा विभिन्न किसिमका फलफुलका लोककथाहरू पाइन्छन् । ती कथाहरूमा कथाका पात्रका रूपमा फलफूल तथा बोटविरुवाले रोचक संवाद गरेको पाइन्छ । बेलवत्ती कन्याको कथा चिल्लो फर्सी र काँडे काँकाको संवाद फलफुलका लोककथाहरूमा पाइन्छ ,

### २.५.४.८ साहसी तथा बहादुरीका लोककथाहरू

यस खालका लोककथाहरूमा मानिसको शक्ति प्रदर्शनका क्रममा घटेका घट्ना विवरणलाई वर्णन गरिएको पाइन्छ । शुरता-विरता, साहस, आँट शौर्य आदिको प्रयोगले कथानायक सफलताको शिखरमा पुगेको हुन्छ । यस्ता कथाहरूमा उच्च वर्गका मानिसहरू राजकुमार-राजकुमारी, मन्त्रीपुत्रहरू, उच्चवर्गीय व्यक्तिले साहसिला काम गरेको पाइन्छ । जस्तै पिजँडाको बुलबुल, हाइरानी चाँदनीको साहसीकता यस्ता कथामा नारी पात्रले पनि भेष बदलेर राज्य प्राप्त र सतीत्व जोगाउन सफल भएका कथाहरू पाइन्छन् ।

### २.५.४.९ धार्मिक लोककथा

धर्मसँग सम्बन्धित देवी-देवताका तीर्थव्रतहरू र विभिन्न मन्दिरहरूको विषयमा वर्णित लोककथालाई यस वर्गमा राखिन्छ । नेपाली समाज विशेष गरेर महिलाहरू विभिन्न तीर्थ स्थलहरूमा धाउने पशुपति, स्वयम्भु, मच्छेन्द्रनाथ, सत्यनारायण, स्वस्थानी, पुरुषोत्तम आदिका ब्रत बस्ने कथा सुन्ने सुनाउने कथा नसुनेमा ब्रतको फल प्राप्त नहुने जनविश्वास पाइन्छ । अतः धार्मिक तीर्थ-व्रत, दानपुन्य आदि जस्ता कुराहरू धार्मिक लोककथामा पर्दछन् ।

### २.५.४.१० विविध लोककथाहरू

कथाको स्वरूप पात्र उद्देश्य अनुरूप अन्य वर्गमा समावेश हुन नसकेका कथाहरू यस वर्गमा पर्दछन् । यसरी माथि उल्लेखित नै वर्गमा नसमेटिएका सबै लोककथाहरूलाई विविध वर्गमा राख्न सकिन्छ ।

## २.६ लोककथाको उत्पत्ति

लोककथाको उत्पत्ति सर्वप्रथम कहाँ, कहिले, कसरी भयो भन्ने बारेमा तिथि मिति किटान गरेर भन्न सजिलो छैन । लोककथाको उत्पत्तिको बारेमा खोजतलासी गर्दै जाने हो भने पूर्वीय साहित्यको सबैभन्दा जेठो ग्रन्थ ऋग्वेद भन्दा अगाडी पुग्नु पर्ने हुन्छ । त्यतिबेलाको भाषा, मानिस, घट्ना विवरण कसैलाई थाहा नभएपनि लोककथा सुन्ने सुनाउने क्रम त्यतिबेला नै सुरु भएको हुन सक्छ ।

त्यसपछि ऋषिमुनीहरूले आफ्ना चेलाहरूलाई शिक्षा दिने क्रममा मौखिक रूपमा नै सुनाउने सुन्ने प्रचलन भएको पाइन्छ । यसरी कथाको उत्पत्ति त्यतिबेला भयो जुनबेला मानव समुदायमा चेतनाका प्रवाहहरू बहनथाले अनि आफुले देखेका भोगेका घट्ना विवरणहरूलाई एकअर्कालाई अभिव्यक्त गरियो । यसैबेला कथाको उत्पत्ति सम्बन्धमा विभिन्न विद्वानले विभिन्न मतहरू प्रस्तुत गरेको पाइन्छ । कसैले बैदिक युग नै लोककथाको उत्पत्ति युगहरू मानेका छन् भने पाश्चात्य विद्वानहरूले लोककथाको उत्पत्तिका बारेमा अर्कै दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ । उनिहरूका अनुसार विभिन्न कल्पनाद्धारा विभिन्न रूप र घटनाको मानवीकरण गर्न थालेपछि लोककथाको उत्पत्ति भएको हो भन्ने धारणा पाइन्छ ।

मनोविज्ञान वादका प्रवल प्रवर्तक सिम्मड फ्रायडका अनुसार अनेकौ बासनात्मक इच्छाहरू दमित अवस्थामा रहेका हुन्छन् र चेतन मनलाई थाहै नदिई ती अतृप्त कामेच्छाहरू दमित अवस्थामा वाह्य रूपमा प्रकट हुने क्रममा लोककथाको पनि जन्म भएको हो । पाश्चात्य मुलुकका केही विद्वानहरूले लोककथाको उत्पति कुनै एक स्थानमा नभएर विश्वका विभिन्न ठाउँहरूमा भएको हो र मान्छेका आन्तरिक मनोवृतिहरू समान हुनाले विभिन्न स्थानका लोककथाहरूमा पनि यो समानता देखापरेको हो । यसरी लोककथाको उत्पत्ति बारेमा पाश्यात्य मुलुकका विद्वानहरूले आ-आफ्नै मत व्यक्त गरेका छन् र ई.पू.को चार/पाँच हजार वर्ष पूर्व यूरोपको इजिप्टमा मानव सभ्यताको प्रथम उदय भयो । त्यतिबेलादेखि नै लिपिको आविस्कारसँगै लिखित साहित्यको जन्म भएको हो । इजिप्टका बासिन्दाहरूले प्यारामिड तथा सुमेरका मन्दिरहरू निर्माण गर्ने अशिक्षित श्रमिकहरू कथा सुन्ने सुनाउने गर्थे होलान् । त्यसपछि ग्रीसका महाकवि होमरका इलियड र ओडिसी जस्ता महाकाव्यहरूमा टुनामुना र साहसिक प्राणी कथाहरू पाश्चात्य मुलुकमा लोकप्रिय भएका छन् । त्यसबेलादेखि नै पाश्चात्य साहित्यमा लोककथाहरूको उत्पत्ति भएर क्रमश विकसित हुँदै आएको पाइन्छ ।

पूर्वीय साहित्यमा लोककथाको नालीबेली केलाउँदै जाँदा लिखित प्रमाण ऋग्वेदसम्म पुग्न सकिन्छ । विभिन्न विद्वानहरूले ऋग्वेदबाटै पूर्वीय परम्परामा कथाको उत्पत्ति भएको हो भनेका छन् । लोककथाको उत्पत्ति सम्बन्धि विभिन्न मतहरू देखिएका छन् । यी मतहरूमा प्रकृतिवाद, प्रसारवाद, इच्छापूर्विवाद र यथार्थवाद प्रमुख छन् । यहाँ यी मतहरूबारे संक्षिप्तरूपमा चर्चा गरिन्छ ।

### २.६.१ प्रकृतिवाद

प्रकृतिवादमा सुर्य, चन्द्र दिन रात पहाड मैदान वर्षा चट्याङ, नदी समुन्द्र आदि प्राकृतिक तत्वलाई मानवीकरण गरेर लोककथा निर्माण भएको पाइन्छ । यस्ता कथाहरू विशेषगरी प्रकृति कै सेरोफेरोमा रचिएका हुन्छन् ।

### २.६.२ प्रसारवाद

प्रसारवाद लोककथाहरू एकै ठाउँबाट उत्पत्ति भई क्रमशः विभिन्न ठाउँ फैलिएको हुन भन्ने कुरालाई स्वीकार गरेको पाइन्छ । यस सिद्धान्तले परम्परावादि सिद्धान्तलाई वल पुऱ्याएको छ तर सबै कथाहरू एकै ठाउँमा मात्र विकास भएका हुन भनेर सबै विद्वानको सहमति छैन ।

### २.६.३ विकासवाद

लाककथाको उत्पत्ति मानव समाजकै विकाससँगै सबै ठाउँबाट भएको हो । जहाँजहाँ मानिसको विकास भयो । त्यहाँत्यहाँ लोककथाको उत्पत्ति भयो र कथाहरू विकसित भए भन्ने कुरालाई स्वीकार गरिएको छ । यसै सिद्धान्तलाई विकासवादी सिद्धान्त भनिन्छ ।

### २.६.४ इच्छापूर्तिवाद

इच्छापूर्तिवाद सिद्धान्तका अनुसार कथाहरू मान्छेका अवचेतन मनमा दमित इच्छा, आकांक्षा तथा वासनाको पूतिको परिणाम हुन् । दमित इच्छाको अभिव्यक्तिको प्रतिकारत्मक रूपमा कथामा पाइन्छ । यस खालका लोककथाहरूमा अप्सराहरू र सुन्दरीहरूले बासनाको पुर्ति गर्दै बुदिमान साहसी नायकहरूले श्रोतालाई प्रभावित बनाउँछन् । यस सिद्धान्तका समर्थकहरूमा फ्रायड जङ्ग तथा इरिक प्रोमका भिन्न मत पाइन्छन् । लोककथाको उत्पत्तिका सम्बन्धमा निष्कर्षमा पुग्न इच्छापूर्तिवादी सिद्धान्तले सहयोग गर्दैन ।

### २.६.५ यथार्थवाद

यथार्थवादीहरूका विचारमा लोककथाको उत्पत्ति यथार्थ घट्नाहरूबाटै दैनिक जीवनका अनुभवहरू सम्भन योग्य घट्नाहरूलाई दोहऱ्याउँदा लोककथा बनेका हुन् । लोककथाको उत्पत्ति विषयमा प्रचलित चार मतहरूलाई नै उपयुक्त मानिएको पाइन्छ । लोककथाको विद्वानहरूले यिनै चार मतको समन्वय गरी लोककथाको उत्पत्तिबारे स्पष्ट पार्न खोजेका छन् ।

## २.७ लोकथाको अध्ययन परम्परा

लोककथाको आधार लोक र हाम्रो चेतनशील लोकको व्यवस्थापना संस्कृत वाङ्मयद्धारा अनुप्राणित भएको हुँदा विस्तारै यसैको प्रभावमा नेपाली लोक र लोककथा विकसित भएको बुझिन्छ । अतः प्रस्तुत प्रसङ्गमा लोककथा प्रति २/४ शब्द उल्लेख गर्नु अस्वाभाविक नहोला । संस्कृत वाङमयको मूल स्रोत मानिएको वेद-वणित विषयवस्तु तर्फ हेर्दा यहाँ आफ्नै प्रकारले कथानकतर्फ औल्याइएको पाइन्छ । यहाँ लोककथाको सङ्केतसम्म पाइन्छ ।

नेपाली लोककथाको प्रारम्भिक सङ्कलन तथा लिपिवद्धको विषयमा चर्चा उठाउँदा यसको प्राचिन परम्पराको उल्लेख गर्नुपर्ने हुन्छ । नेपाली लोककथाको परम्परा खोज्दै जाँदा हामी

वैदिक समयसम्म पुग्नुपर्ने हुन्छ । नेपाली लोककथामा वेद, उपनिषद, पुराण, रामायण, महाभार, पञ्चतन्त्र कथा-सरितसागर, वृहत् कथा, बौद्धजातक, कथामाला आदिको परम्परा एवं प्रभाव कायम रहेको स्पष्ट देखिन्छ ।

नेपाली लोककथा परम्पराका बारेमा विभिन्न विद्वानहरूले आ-आफ्नो तरिकाले चरण विभाजन गरेको पाइन्छ । धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार नेपाली लोककथालाई २ चरणमा विभाजन गरेको पाइन्छ ।

(क) नेपाली लोककथाको प्रथमकाल शुरुबाट १९५८

(ख) नेपाली लोककथाका द्वितीय काल १९५९ देखि हालसम्म

डा. चुडामणि बन्धुको नेपाली लोकसाहित्यको चरण विभाजन यस प्रकार छ । यो चरण विभाजन नेपाली लोकसाहित्यको समग्र रूपमा गरेको हुनाले नेपाली लोककथा पनि लोकसाहित्यमै समाविष्ट हुने भएकोले यो चरण विभाजन यहाँ प्रस्तुत गरिएको छ ।

(क) लोकसाहित्यको सम्बर्द्धनकाल प्रारम्भदेखि वि.स. १९९८ सम्म ।

(ख) लोकसाहित्यको सङ्कलनकाल वि.स. १९८८ देखि वि.स. २०२४ सम्म

(ग) लोकसाहित्यको अनुसन्धानकाल वि.स. २०२४ पछि ।

डा. मोतीलाल पराजुलीका अनुसार नेपाली लोककथा परम्परालाई चार चरणमा विभाजन गरेको पाइन्छ ।

(१) पृष्ठभूमि (आरम्भ देखि १८३० सम्म)

(२) अनुदित लोकाख्यान परम्परा (१८३१-१९९५)

(३) नेपाली लोककथाको सङ्कलन परम्परा (१९९०६ देखि आजसम्म

(४) नेपाली लोककथाको अध्यान विश्लेषण र अनुसन्धान (२०२५ देखि आजसम्म)

**२.७.१ पृष्ठभूमि (आरम्भदेखि १८० सम्म)**

यो नेपाली लोककथाको प्रथम चरण हो । यस समयमा नेपाली लोककथाहरू सोझै संस्कृत वाङमयबाट आएर नेपाली जनजीवनमा मौखिक रूपमा विस्तारित भएको पाइन्छ । वि.स. छैटौ शताब्दिदेखि नेपाली भाषाले लेख्य रूप लिएको पाइन्छ । वेदमा सुक्त वा विचारहरूका रूपमा आख्यानका सङ्केतहरू लोकजिवनमा पौरामणिक कथाका रूपमा नेपाली समाजमा यिनीहरूको अत्याधिक प्रचलन पाइन्छ । यसरी नेपाली जीवन शैली लोककथाका

पृष्ठभूमिका रूपमा रहेका छन् । नेपाली तथा प्राकृतिक भाषामा लेखिएका बौद्धजातका माला, बृहतकथा, गाथा-सप्तशील तथा कथा सरितसागर नेपाली लोककथाका प्रत्यक्ष स्रोत हुन् । यसरी बौद्धिक साहित्यदेखि नेपाली साहित्य विकसित हुनु पूर्वको लोककथाको निर्माण र प्रयोगको महत्वपूर्ण समय हो तर नेपाली भाषामा लिखित सामग्री नपाइएकोले यसलाई पृष्ठभूमिका रूपमा मात्र लिइएको छ ।

### २.७.२ अनुदित लोकआख्यान परम्परा (१८३१-१९९५)

नेपाली लोककथाको ऐतिहासिक सर्वेक्षण गर्दा नेपाली भाषाका मौलिक लोककथाहरूको सङ्कलन कार्य हुनभन्दा पूर्व विभिन्न भाषामा प्रचलित नीतिकथा रोमाञ्चक आख्यानहरू नेपाली भाषामा अनुवाद भएका थिए । संस्कृतका विद्वानहरूले संस्कृत भाषामा प्रचलित नीतिमूलक तथा ब्रतमूलक कथालाई नेपाली भाषामा अनुवाद गरेका थिए भने भारतमा पढ्न बसेका नेपाली युवाहरूले फारसी, उर्दु, हिन्दी आदि भाषामा अनुवाद गरेका थिए । नेपाली साहित्यको समुचित विकास नभएको समयमा यी लोकाख्यानहरू नेपाली भाषामा प्रकाशित भएपछि साक्षर नेपालीको दृष्टि त्यतातर्फ आकर्षित भयो । यिनै कृतिहरू नेपाली लोकजीवनका मानसपटलमा स्थायी स्थान प्राप्त गरे, व्यक्तित्वका कारणले यस्ता अनुदित लोककथाहरू नेपाली लोकजीवनका अङ्ग नै बनेका छन् । यसरी सङ्कलन कालभन्दा अगाडि नेपाली लोककथाको क्षेत्रमा संस्कृतबाट अनुदित लोककथाहरू र स्रोत नखुलेका अनुदित लोककथाले नेपाली जनजीवनमा प्रभाव पारेको पाइन्छ ।

### २.७.३ नेपाली लोककथाको सङ्कलन परम्परा (१९९६) देखि आजसम्म)

नेपाली साहित्यको गद्य विधा आधुनिकताको प्रवेशसँगै नेपाली लोककथाको सङ्कलन परम्परा प्रारम्भ हुन्छ । मध्यकालिन लोकाख्यानको प्रवृत्ति र विशेषतालाई पन्छाएर शुद्ध एवम् स्तरीय नेपाली भाषामा नेपाली लोकजीवनमा प्रचलित मौलिक लोककथाहरूलाई सङ्कलन र प्रकाशन गर्ने कार्य यसै समयमा हुन्छ । नेपाली दन्त्यकथा १९९६ यस्तो पहिलो कृति हो । शारदा, डाँफेचरी, हिमाली र हाम्रो संस्कृति जस्ता पत्रपत्रिकाहरूले पनि विशेष योगदान दिएका छन् । लोककथाको सङ्कलन तथा प्रकाशनमा योगदान पुऱ्याउने विद्वानहरूमा बोधविक्रम अधिकारी। सुवर्ण शमसेर, काजिमान कन्दङवा, जुजुरामकुश्ले, लीलासिंह कर्मा, शिवमणि प्रधान,

करुणाकर वैद्य, तुलसी दिवस, विजय चालिसे, पूर्णप्रकाश नेपाली यात्री, तेजप्रकाश श्रेष्ठ, रामविक्रम सिजापति, निभा आदि उल्लेख छन् । यसै चरणमा नेपाली लोककथाहरूलाई अंग्रेजी, हिन्दी, जापानी, रुसी आदि भाषामा अनुवाद गरी विश्वमा विभिन्न भाषाभाषीहरू समक्ष नेपाली लोककथाको पहिचान दिन सकेका छन् । हिन्दी भाषामा अनुवाद गरिएका लोककथाहरू मध्य डा. गोविन्द चातकको ई.सं. १९६४ मा प्रकाशित नेपालको लोककथा, मनमोहन शर्माको ई.सं. १९९२ मा प्रकाशित कृति महत्वपूर्ण छन् । अंग्रेजी भाषामा अनुवाद गरिएका लोककथाहरू पनि धेरै पाइन्छन् । जसका अनुवादक करुणाकर वैध, नगेन्द्ध शर्मा, लिडा ग्रिफ्त आदि छन् ।

### २.७.४ बाललोककथाहरू

यस्ता लोककथाहरूले पाठशालाको विकास नहुँदा नेपाली समाजमा बाल शिक्षाका आधार लोककथा नै थिए । यस्तो चलन प्राचीन समयदेखि नै प्रचलनमा आएको हो । बाललोककथाहरू बालबालिकाहरूलाई शिक्षा दिने उद्देश्यले सुन्ने सुनाउने गरिन्छ । यस चरणमा नेपाली लोककथाहरू सङ्कलन गर्नु र ती कथाहरूलाई अन्य भाषामा अनुदित गर्नु र बाललोककथाको प्रचलन हुनु जस्ता कार्यहरू यस चरणको महत्वपूर्ण पक्ष हो ।

नेपाली लोककथाको अध्ययन विश्लेषण र अनुसन्धान २०२५ सालबाट डा. बासुदेव त्रिपाठीको हाम्रो संस्कृति नामक पत्रिकामा उल्लेखित लोककथाको मूल्यलाई औल्याउँदा भन्नेलेखबाट शुरु भएको छ । त्यसपछि धर्मराज थापा, तुलसी दिवस, हंसपुर सुवेदी आदि विद्वानहरूले पनि लोककथाको अध्ययन अनुसन्धान गर्ने काय अघि बढाएका छन् ।

प्रस्तुत परिच्छेदमा लोककथाको सिद्धान्त अन्तर्गत विभिन्न पक्षहरूको परिचय दिएको छ । लोककथाको परिचय, परिभाषा, तत्वहरू, विशेषता आदि विषयलाई प्रकाश गरिएको छ । त्यसैगरी अन्य पूर्वीय र पाश्चात्य विद्वानहरूका वर्गीकरणको परिचय गर्दै नेपाली विद्वान तुलसीदिवसको वर्गीकरणलाई आधार मानी लोककथाको वर्गीकरण गरिएको छ । लोककथाको परम्परा कृष्णप्रसाद पराजुली, चुडामणि बन्धु, धर्मराज थापा हेसपुरे सुवेदीको अध्ययन गर्दै स्पष्ट र सुहाउँदो वर्गिकरण डा. मोतीलाल पराजुलीको लोककथा परम्परालाई आधार मानि विभाजन गरिएको छ ।

**निष्कर्ष**

संसारका सम्पूर्ण जीवहरू, भौतिक पदार्थहरू अझ अलौकिक स्वप्निल धरातलका कुराहरू मानव मन र नक्षमताले भेट्ने सम्मका कुराहरूको कलक्रम अनुसार चलिरहने चक्र नै कथा हो ।

द क्याम्ब्रिज इन्साइक्लोपेडियाको भनाइ अनुसार परापूर्वककालदेखि ज्ञान रहि संसारभर उपलब्ध रहेका र मौखिक रूपमा भनिने परम्पारित कथाहरूलाई लोककथा भनिन्छ । यसर्थ श्रुतिपरम्पराद्धारा सम्प्रेषित अज्ञात रचनाकारको संक्षिप्त सारगर्भित एवम् सार्विक आख्यानात्मक गद्य संरचनालाई लोककथा भनिन्छ । लोककथाका विशेषताहरूः उपदेशात्मक, प्रेममय भावनाको प्रदर्शन, मानवताको मूल प्रवृत्तिहरूमा निरन्तरता, सहचारित कल्पनाको प्राचुर्य, अप्रकृतिक र मानवेहर तत्वको समावेश लोकरञ्जकता, अश्लील श्रृङ्गारको अभाव आदि रहेका छन् । लोक कथाका तत्वहरूमा कथावस्तु, पात्र र तिनको चरित्र, देशकाल र वातावरण भाषाशैली संवाद रहेका छन् ।

लोककथाको वर्गीकरण गर्दा प्राचिन पाश्चात्य, प्राच्य, नेपाली आदि वर्गीकरण गरे तापनि तुलसी दीवसले लोककथालाई १० भागमा विभाजन गरेका छन् । साँस्कृतिक-ऐतिहासिक, अर्तिउपदेश, पशुपंक्षी, मानव विशेष स्वभाव र प्रकृति, अतिमानवीय, अलौकिक, फलफूल, सहासी तथा बहादुरी, धार्मिक आदि रहेका छन् ।

लोक कथाको उत्पत्ति कसरी भयो भन्ने सन्दर्भमा विभिन्न मतहरू देखिएका छन् । ती हुन् प्रकृतिवाद, प्रसारवाद, इच्छाप्रति, विकासवाद, यथार्थवाद आदि रहेका छन् । लोक कथाको अध्ययन परम्परालाई आरम्भ देखि १९३०सम्म, १८३१-१९९५ सम्म १९९६ हालसम्म, नेपाली लोककथाको अध्ययन विश्लेषण र अनुसन्धान आरम्भदेखि अन्तसम्म जुन बाललोककथाहरू रहेका छन् ।

# परिच्छेद : तीन

# सङ्कलित लोककथाहरूको वर्गीकरण

## ३.१ विषय प्रवेश

लोककथा भनेको मानव समुदायमा पहिलेदेखि मौखिक परम्परामा जीवित सशक्त विधा हो । यो विधा आदि मानब समुदायमा प्रचलित घटना वर्गीकरणको संगालो पनि हो । यो मानव समुदाय, विभिन्न जनजाति भाषाभाषीको बिचमा निरन्तर चलिरहने प्रकृया हो । यस अध्ययन पत्रमा धनुषा जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथाहरूको संकलन गरी वर्गीकरण गर्ने प्रयास गरिएको छ । हुन त लोककथा जीवन जगत स्थानिय परिवेश भौगोलिक तथा ऐतिहासिक परिवेशमा आधारित भएको हुनाले विभिन्न विद्वानले विभिन्न प्रकारले बाँडेर राख्ने विषयमा ज्यादै जटिल समस्या रहेको हुन्छ । कुनै पनि कथालाई कुन वर्गमा राख्न ठिक हुन्छ । त्यस कथामा पाइएका सबै घटना क्रमलाई समेटेर राख्न दुर्लभ हुन्छ । एउटै कथामा पनि विभिन्न वर्गमा पाइने विशेषतालाई समेटेको पाइन्छ । कुनै कथाहरूमा ती वर्गीकरणलाई समेट्न पनि सकिदैन । अतः जीवन जगतबाट संकलित कथाहरूबाट कुनै एउटा घटनालाई केन्द्रविन्दु बनाएर वर्गिकरण गरेको पाइन्छ ।

धनुषा जिल्लाको विभिन्न भौगोलिक परिवेशलाई चराचुरुङ्गी डाँडापाखा, वनजंगल जस्ता भौगोलिक महत्वका विषयलाई पनि समेटिएको पाइएको छ । कथा भन्दे सुन्दै जानेक्रममा त्यहाँका कथा भन्ने सुन्नेले यो कथा यस ठाउँको हो र त्यो कथा सत्य घटनामा आधारित छ भन्ने लोकविश्वास पाइन्छ ।

यस परिच्छेदमा निकै विभिन्न परिवेश जातीय संस्कार, मूल्य, मान्यता, अन्धविश्वास, रुढीग्रस्त परम्परा जीवित रहेका लोककथाहरूलाई संकलन गरी सकेसम्म वर्गीकरणको रूपरेखामा पार्न खोजिएको छ । यस अध्ययन पत्रमा संकलित लोककथालाई निम्न लिखित वर्गमा वर्गीकरण गरिएको छ ।

## ३.२ शिल्पविधानको आधारमा

लोककथाको तत्वहरू मध्य कुन तत्वले प्रधानता पाएको छ भन्ने कुरा शिल्पविधानले बुझाउँदा यस आधारमा लोककथाहरू निम्न लिखित तीन प्रकारका हुन्छन् ।

### ३.२.१ घटना प्रधान लोककथा

घटनालाई बढी महत्व दिई सिर्जिएका कथालाई घटनाप्रधान लोककथा भनिन्छ । यस्ता कथाहरू चरित्र भन्दा घट्ना प्रधान हुन्छन् । यस अध्ययन पत्रमा घोडा चारेको कथा, लाटो बाघ चलाख मानिसको कथा, चलाख छोरीको कथा, बाबु छोराको कथा आदिलाई यस वर्गमा राख्न सकिन्छ ।

### ३.२.२ चरित्र प्रधान लोककथा

चरित्र वा सहभागितालाई सर्वोपरी महत्व दिई सिर्जिएका कथालाई चरित्र प्रधान लोककथा भनिन्छ । यस्ता लोककथाहरूमा पात्रको बढी महत्व र घट्नाको गौण महत्व हुनेहुँदा ती चरित्रप्रधान भएका हुन्छन् । यस अध्ययन पत्रमा भालु र स्यालको कथा, दुई आमाछोरीको कथा, एउटा राजा र तीन रानीको कथा, दुई गाँड भएको मानिसको कथा आदि कथालाई यस वर्गमा राख्न सकिन्छ ।

### ३.२.३ परिवेश प्रधान लोककथा

स्थान, समय र वातावरणलाई बढी महत्व दिई सिर्जिएका लोककथालाई परिवेशप्रधान लोककथा भनिन्छ । यसमा घट्ना चरित्र भन्दापनि स्थान, समय र वातावरणलाई विशेष प्राथमिकता दिइएको हुन्छ । यस अध्ययनपत्रमा यो वर्गमा स्यालको फैसलाको कथा प्रेतबाट मानिस बचेको कथा आदिलाई लिन सकिन्छ ।

### ३.३ उद्देश्यको आधारमा

उद्देश्यले लोककथाहरूको प्रयोजनलाई जनाउँछ वा बुझाउँछ । लोककथामा जुन उद्देश्यले बढी महत्व पाएको छ त्यसका आधारमा लोककथाको वर्गीकरण गर्न सकिन्छ । यस आधारमा लोककथालाई निम्न लिखित २ प्रकारमा विभाजन गर्न सकिन्छ ।

### ३.३.१ मनोरञ्जन प्रधान लोककथा

मनोरञ्जन प्रधान गर्ने उद्देश्यले सिर्जिएका कथालाई मनोरञ्जन प्रधान लोककथा भनिन्छ । यस्ता लोककथाहरू सबैले अत्यन्त रुचिका साथ भन्ने सुन्ने गर्दछन् । यस अध्ययन पत्रमा घोडा चोरको कथा ऋषिको कथा, आमा र दुई छोरीहरूको कथा आदि पर्दछन् ।

### ३.३.२ नीति प्रधान लोककथा

अर्तिउपदेश शिक्षा, नीति आदि सिकाउने उद्देश्यले सिर्जिएको कथालाई नीतिप्रधान लोक कथा भनिन्छ । यस्ता लोककथाहरू ज्ञानबर्दन र शिक्षामूलक हुन्छन् । यस्ता लोककथाहरूमा चरित्रता, असल काम, सत्यको विजय, असत्यको पराजय, पाप, पुण्य आदिबारे नैतिक शिक्षा प्रभावकारी ढंगबाट प्रधान गरिएको हुन्छ । यस वर्गमा दुई गाँड भएको मानिसको कथा आमा र दुई छोराहरूको कथा, बाबु र छोराहरूको कथा, दुई आमाछोरीको कथा आदि पर्दछन् ।

## ३.४ विषय वस्तुको आधारमा

लोककथाको मूल कथ्यलाई विषयवस्तु भनिन्छ । लोककथा ज्यादै व्यापक भएकोले यसको विषयवस्तु जे पनि हुन सक्छ । मुख्य-मुख्य विषयवस्तुको आधारमा लोककथाको वर्गीकरण निम्न लिखित प्रकारमा गरिएको छ ।

### ३.४.१ मानिस र पशुपंक्षी सम्बन्धी लोककथा

जल-थल नभएका जनावरलाई विषय बनाएर सिर्जिएको कथालाई पशुपंक्षीका लोककथा भनिन्छ । यस्ता लोककथा विशेषत मानिस र पशुपंक्षीलाई मानवीकरण गरिएर लेखिएको हुन्छ । मानवीकरणका कारण जनावरहरूले जस्तै व्यवहार गर्दछन् । यस्ता कथाहरू अत्यन्त चाखिला तथा उपदेशात्मक हुन्छन् । यस अर्न्तगत यस अध्ययन पत्रमा मुसाको कथा नागी देवताको कथा भालु र स्यालको कथा लाटो बाघ र चलाख मानिसका कथा आदिलाई लिन सकिन्छ ।

### ३.४.२ सामाजिक लोककथा

यसमा समाजको भोगाई र समस्याहरू प्रतिबिम्बित भएका हुन्छन् । यस्ता कथाहरू छुच्याई, चलाखी, ईर्ष्या, डाहा, विश्वासघात, अतिशोध, अन्याय, बालविवाह, बहुविवाह, अनमेल विवाह, पारिवारीक झैझगडा, गरिबी, सतिप्रथा, अन्धविश्वास, रीतिथिति, मुल्य मान्यता, आचार, व्यवहार आदि विषयवस्तुमा आधारित हुन्छन् । यस्ता कथामा मानवीय स्वभावको विशेष चित्रण हुन्छ । यस अर्न्तगत यस अध्ययनपत्रमा दुई आमा छोरीको कथा, चलाख छोरीको कथा, बाबु छोराको कथा, एउटा राजा र तीन रानीको कथा, ऋषिको कथा, आमा र दुई छोराको कथा आदि लिन सकिन्छ ।

### ३.४.३ पौराणिक लोककथा

पुराणबाट विषयवस्तु लिँदै सिर्जिएका कथालाई पौराणिक लोककथा भनिन्छ । पुराणबाट लिइएका विषयवस्तु कुनै महत्वपूर्ण चरित्र अथवा घटना हुन सक्छन् । यस्ता लोककथाहरूमा देवी देवता धर्म, ब्रत, सृष्टि, ब्रहाण्ड, महापुरुष, प्रलय, वीरता आदि विषयवस्तु समावेश गरिएको हुन्छ । यस अर्न्तगत यस अध्ययन पत्रमा प्रेतबाट मानिस बचेको कथा, दुई गाँड भएको मानिसको कथा आदि पर्दछन् ।

### निष्कर्ष

सङ्कलित लोककथाहरूलाई शिल्पविधानका आधारमा वर्गीकरण गरिएको छ । यस भित्र घट्नाप्रधान, चरित्रप्रधान, परिवेश प्रधान आदिमा विभाजन गर्न सकिन्छ । यी सङ्कलित लोककथालाई उद्देश्य र विषयवस्तुका आधारमा वर्गीकरण गर्न  सकिन्छ । उद्देश्य अर्न्तगत मनोरञ्जन प्रधान र नीति प्रधानमा विभाजन गरिएको छ भने विषयवस्तुका आधारमा संकलित लोककथालाई वर्गीकरण गर्दा मानिस र पशुपंक्षी सम्बन्धी लोककथा, सामाजिक लोककथा, पौराणिक लोककथा आदि भागमा विभाजन गरिएको छ ।

# परिच्छेद - चार

# सङ्कलित लोककथाहरू

## ४.१ स्यालको फैसलाको कथा

धेरै पहिलेको कुरो हो । एक जना मानिस घोडा लिएर ससुराली गएछ । ससुरालीमा मीठा मीठा चिल्ला कुरा खाएछ । केही दिन बसेर ऊ फर्किएछ । बाटामा उसलाई धेरै पखाला लागेछ । उसको पालो घोडालाई उखुबारीको कोलमा बाँधी दिसा गर्न थालेछ । त्यतिकैमा घरबाट उखुमालिकले आफ्नो कोलमा घोडा देखेछ र उसले कोलले घोडा ब्याएछ भनेर मख्ख परेछ । अनि ऊ आएर घोडा लिई घर गएछ । जब घोडावाला दिसा गरेर बाहिर आयो, आफ्नो घोडा त छैन, उसले यताउति गएको हो कि भनेर खोजेछ तर भेटेन । अन्त्यमा उसले आफ्नो घोडा उखुवालाको घरमा देख्यो । उसले यो घोडा त मेरो हो किन यहाँ ल्याएर बाँधेको ? भनेछ । यो सुनेर उखु मालिकले यो त मेरो कोलले ब्याएको घोडा पो हो त ! भनेछ । घोडावालाले धेरै जिद्धी गरेर पनि उसले घोडा नपाउने भएछ । त्यतिकैमा कलह बढ्दै गएपछि केही मानिसले यसको टुङ्गो लगाउन जम्बुमन्त्री स्याललाई भेट्न सल्लाह दिएछन् । त्यो घोडावालाले स्याललाई भेटेछ र स्यालले म भोलि बाह्र बजे आउँछु मान्छेहरू जम्मा पारेर राख्नु भनेछ ।

भोलिपल्ट बाह्र बाजे मान्छेहरू जम्मा भएछन् तर स्याल भने ढिलो गरेर दुई बजेतिर आयो । यो देखेर पञ्चायतमा बसेका सबै मानिसले एक मुख लागेर बाह्र बजे आउने भनेको किन यतिबेला आएको ? भनेर सोधे । यो सुनेर स्यालले म त समयमै आउँदै थिएँ तर बाटामा आउँदै गर्दा सप्तकोशीमा डढेलो लागेर माछा भुर्कुट भएर मरेका रहेछन् । त्यही खाँदा खाँदा हेर्नुस् ढिलो भयो मैले के गर्नु भनेछ । यो सुनेपछि त्यहाँ मानिसहरूले सप्तकोशीमा पनि कैले डढेलो लाग्छ ? नचाहिने कुरा भनेछन् । स्यालको पालो पनि उखु पेल्ने कोलले पनि कहिले घोडा ब्याउँछ भनि दिएछ । यो सुनेपछि त्यहाँ जम्मा भएका सबै मानिस जिल्ला परेछन् र यसरी स्यालले घोडावालालाई घोडा दिलाइदिएछ । घोडावाला पनि घोडा लिएर घरतिर लागेछ रे ।

सौजन्य : धनबहादुर भुजेल ।

### ४.२ घोडा चोरको कथा

कुनै पहाडको गाउँमा बुढाबूढी बस्थे रे । बुढा चाहिँ कमाई गर्न कहिले काहीँ तराईमा झर्ने गर्दथ्यो रे । उनीहरूले केही घोडा पालेका रहेछन् । एक दिनको कुरा हो बुढा तराई झर्ने भएछ र बुढाले बूढीलाई घरको सबै काम जिम्मा लगाएर, घोडाहरूको चाहिँ अलि ख्याल गर्नु नि भनेछ । अरु त्यस्तै हो टापटिपेबाट चाहिँ बचाउनु नि भनेर ऊ बाटो लागेछ । बुढाले आफ्नी बूढीलाई भनेको कुरा त्यही घरको कान्लामुनी लुकेर बसेको बाघले सुनेछ । बाघ चाहिँ कहिले यो घरको बुढा बाहिर जाला र त्यही मौकामा घोडा लानु भन्ने दाउमा बसेको रहेछ । तर बाघलाई टापटिपे भन्ने सुनेपछि यो टाटिपे भन्ने के रहेछ ? भनेर एकदम खुल्दुली जागेछ । आखिरमा बुढाले बाघलाई नै टापटिपे भनेका थिए । त्यसपछि त्यो बाघले आज राती म यो घोडाको तबेलामा बस्नु पर्‍यो र टापटिपे कस्तो हुँदो रहेछ थाहा पाउनु पर्‍यो भन्ने सोचेछ ।

रात परेपछि बाघ घोडाहरूको बीचमा गएर बसेछ । यतिकैमा मध्य रात भयो । एक जना मानिस घोडा चोर्न आएछ । उसले घोडालाई बानछान गर्ने सामान एक ठाउँमा राखी गतिलो घोडा छान्न थालेछ । बाघ पनि चुप लागेर लौ टापटिपे भन्ने आएछ भनेर बसेछ । अनि त्यो चोरले सबै घोडालाई छान्दै जाँदा अँध्यारोमा बाघलाई पनि छानेछ । बाघ टापटिपे भनेको त आफूभन्दा पनि ठूलो र बलियो होला भनेर बसेछ । त्यो चोरले अरु घोडाको तुलनामा बघलाई मोटो घोडा ठानेछ । त्यसपछि चोरले बाघलाई सबैतिर बानछान गरेछ । बाघ पनि लु आज टापटिपेको फेला परियो भने डराएर बसेछ । त्यसपछि त्यो चोर बाघ माथि चढेर बाघलाई हिडाएछ । बाघ पनि उसले जता भनयो त्यतै जान थालेछ । राति भएकोले चोरले बाघलाई चिनेन । बाघलाई चाहिँ आज टिपटापेले सकाउने भयो भन्ने भएछ । जब विहानीपख झिसमिसे उज्याले हुँदै गयो त्यो चोरले त घोडाको रंग टाटेपाटे देख्न थाल्यो । तैपनि उसले हाँक्न छोडेन । जब छ्याङ्ङ उज्यालो भयो उसले बाघलाई पो हाँकिरहेको रैछ । उसको त्यसपछि सात्तोपुत्लो उडेछ र हातले समातेको लगाम सगाम छोडेर उफ्रिएर भागेछ । र बाघ पनि टापटिपेबाट बचियो भनेर टाप कसेछ ।

सौजन्य : ईश्वरी ढुंगाना

### ४.३ लाटो बाघ र चलाख मानिसको कथा

एकादेशमा एउटी आमा र दुई भाई छोरा बस्थे । ती दुई छोराहरूले सिकार गरेर नल्याएसम्म खान पाउँदैनथे । एक दिनको कुरा हो ती दुई दाजुभाइहरू सदा झैँ सिकार खेल्न

हिडेछन् । उनीहरूले विहान दिउँसोभरी खोजे पनि केही भेटेनछन् । खोज्दै जाँदा दिउँसो तीन बजेतिर उनीहरूको एउटा बाघसँग भेट भयो । बाघ पनि सिकार खोज्दै हिड्दै थियो । अनि बाघले दुई दाजुभाइलाई के झम्टिन आँटेको थियो, दाजुको पालो गोजीबाट एउटा सानो ऐना देखाइदियो र तँ जस्तालाई त मैले गोजीमा बोकेर हिँडेको छु भन्यो । बाघले पनि आफू जस्तै अर्को बाघ ऐनामा देखेर साँच्चै हो क्यारे भनेर त्यो बाघ त्यहाँबाट बुर्कुसी मार्‍यो । यता भाइको भने डरले सात्तो गइसकेको थियो । भाइ अलि डरछेरुवा थियो ।

साँझ पनि पर्दै गयो अनि दुई दाजुभाइहरू एउटा झ्याम्म परेको रुखमा बास बसे । त्यो जङ्गलको बाघको राजा र बाघहरू पनि साँझ परेपछि त्यही रुखको तल बस्दा रहेछन् । ५, ६ बजेतिर पहिला बाघको राजा र अन्य बाघहरू आउन थालेछन् । एकछिन मै त्यहाँ थुप्रै बाघहरू जम्मा भए । सबैले के के मारेर ल्याए त्यो पहिला बाघको राजालाई जिम्मा लगाउनु पर्थ्यो । सबै बाघले आफूले भेटेका सिकार दिएछन् तर एउटा बाघले केही पनि ल्याएन । राजाले रिसाउँदै नपाउनको कारण सोधेछन् । त्यो बाघले मैले त आज दुई जना मानिसलाई भेटेको थिएँ तर तिनीहरूले म जस्तै अर्को बाघ सानो बट्टामा पो बोकेर हिडेका रहेछन् । त्यसैले म भागेर ज्यान बचाएँ भनेछ । यो सुनेर बाघको राजाले थुक्क डरछेरुवा भनेर गालि गरेछ ।

यता फेरी रुखमा बसेको दुई भाइमध्ये भाइ डरले काँप्दै थियो । उसलाई दाइले बिस्तारै नडरा नकाम भनेर सम्झाउँदै थियो तर भाइ डराएर यति काम्यो कि उसले जीउ थाम्न नकसी रुखबाट तल झर्‍यो । त्यतिनै वेला दाजुले रुख माथिबाट जोडले कराउँदै त्यही लिडे राजा बाघ पक्डी भन्यो । यो सुनेपछि बाघको राजा के के न आयो भनेर भागेछ र अरु बाघहरू पनि भागेछन् । ती दुई दाजुभाइहरू पनि ज्यान बचाएर घर फर्किएछन् ।

सौजन्य : दधिराम पौडेल

## ४.४ मुसाको कथा

कुनै समयको कुरा हो । एउटा मुसाले पुथ्वीमा सबभन्दा बलियो राजा को हुन्छ त्यस राजाकी छोरीसँग मात्र विहे गर्ने, नभए नगर्ने अठोट लिएछ । त्यसैले मुसो राजा भएको ठाउँमा गएछ र तपाई नै पृथ्वीमा सबभन्दा ठूला र बलिया हुनुहुन्छ त्यसैले तपाईको छोरी मलाई दिनुस् भनेछ । राजाले पनि तुरुन्तै म भन्दा मभन्दा पृथ्वीमा बलियो र शक्तिशाली त सूर्य भनेछन् । यो सुनेर मुसो सूर्य भएको ठाउँमा गएछ र भनेछ तपाई राजाभन्दा पनि बलियो हुनुहुदोरहेछ । मलाई तपाईकी छोरी विवाह गर्न दिनुस् भनेछ । सूर्यले पनि तुरुन्तै मभन्दा शक्तिशाली त

बादल पो हो भनेछ । त्यसपछि मुसो बादल खोज्दै बादल भएको ठाउँमा गएछ । त्यहाँ पनि मलाई तपाईको छोरी दिनुस् । तपाई सूर्यभन्दा बलियो हुनुहुँदो रहेछ भनेछ । बादलले पनि म त्यस्तो शक्तिशाली होइन, मलाई त हावाले जतातते उडाएर लैजान्छ, वाहा पो मभन्दा बलियो हुन्छ भनेर जवाफ दिएछ ।

त्यसपछि मुसा हावा भएको ठाउँमा गएछ र त्यसैगरी भनेछ । उसको कुरा सुनेर हावाले पनि म तिमीले सोचेको जस्तो बलियो छैन, किनभने म जति बल गरेर चले पनि घाँसलाई उडाउन सक्दिनँ । बरु म भन्दा त घाँस नै बलियो हुन्छ भनेर उत्तर दिएछ ।

त्यसपछि मुसो फेरि घाँस भएको ठाउँमा गएछ र त्यस्तै कुरो राखेछ । मुसाको कुरा सुनेपछि घाँसले पनि मुसा मेरो मुनी बसेर प्वाल पार्छ । मेरो जरा काट्छ र मलाई मार्छ । म उसलाई केही पनि गर्न सक्दिनँ । मेरो लागि त मुसा नै पृथ्वीमा सबभन्दा बलियो हुन्छ भनेर जवाफ दिएछ ।

यसपछि मुसाले वास्तवमा पृथ्वीमा मुसाभन्दा बलियो अरु केही रहेनछ भनेर चित्त बुझ्भाएछ र उसले एउटा मुसा सँगै विहे गरेर बसेछ ।

सौजनय : शिव खत्री

### ४.५ भालु र स्यालको कथा

धेरै समय पहिलेको कुरा हो । भालु र स्यालले मीत लगाएछन् । भालु मौका पर्नासाथ स्याललाई दुःख दिन पछि पर्दैनथ्यो । स्याल भने बाठो थियो । त्यसैले स्यालको पालो एक दिन जिरे खुर्सानी फलेको खेतमा गएर खुर्सानी खाएको जस्तो नक्कल गऱ्यो । भालु पनि त्यहीँ गयो र स्याललाई मलाई पनि खान दिनुस् न मीतज्यू भन्यो । स्यालको पालो हैन मीत मलाई राजाले कसैलाई खान नदिनु भनेका छन् भन्यो । तर भालुले साह्रै कर गऱ्यो र अन्तमा स्यालले नदिइकन धरै पाएन र स्यालले पहिला म त्यो पहाडमा गएर मान्छे हेर्छु र मैले खानुस् भनेपछि खानुस् भनी हिड्यो । भालुको पालो भोकको झोकमा सोर्दै खुर्सानी खान थाल्यो । उसको मुख र नाकबाट ऱ्याल सिंगान झर्न  थाल्यो । भालु धेरै रिसायो र स्याललाई पछ्याउन थाल्यो । त्यसपछि भालुले स्याललाई एउटा रुखमा मौरीको गोला मुखले आवाज निकाल्दै हातले बजाएको देख्यो । यो देखेर भालुले फेरी मलाई पनि बजाउन दिनुस् न मीतज्यू भन्यो । स्यालले फेरी हुँदैन यो राजाले मलाई कसैलाई बजाउन नदिनु भनेका छन् भन्यो । यहाँ पनि भालुले धेरै कर

गरेपछि ल त म पहिला त्यो पल्लो डाँडामा गएर कोही मान्छे छन् कि हेर्छु अनि मैले भनेपछि बजाउनुस् भन्यो ।

त्यसपछि स्याल डाँडामा पुगेर बजाउनुस् मीतज्यू भनेर थाहा दिएछ । भालुको पालो साँच्चै नै दुई हातले बजाउन थाल्यो र गोलाबाट मौरी निस्केर भालुलाई टोक्यो र भालु रुँदै तँ मीतलाई थाम्न भन्दै पछ्याउन थाल्यो । भालु त्यही डाँडामा पुग्यो र तलतिर हेर्‍यो । स्याल त एउटा सानो लहरामा च च हुई भन्दै पिङ्ग खेल्दै रहेछ । भालुले फेरी पहिलाको कुरा बिर्सेर ए मीतज्यू मलाई पनि खेल्न दिनुस् भन्यो । स्यालको पालो हुँदैन, आफूलाई कस्तो मजा भाछ भन्यो । तर यहाँ पनि भालुले धेरै कर गरेपछि स्यालले उसलाई खेल्न दिने भयो । भालु लहरामा बस्यो र स्यालको पालो पछाडिबाट कस्सेर धकल्दियो लहरा पनि चुडियो र भालु पनि पछारिएर मर्‍यो ।

सौजन्य : गोपाल थापा

### ४.६ आमाछोराको कथा

धेरै पहिलेको कुरा हो । एउटी आइमाईको माइत अर्को मुलुकमा रहेछ । सन्तानको नाममा तिनीसँग एउटा सौतेनी छोरा रहेछ । तिनको श्रीमानको मृत्यु भैसकेको रहेछ । त्यो छोरो धेरै चलाख रहेछ । ती आइमाई त्यो छोराबाट छुट्टै बस्न चाहन्थिन् ।

एक दिन ती महिलाले छोरालाई मार्ने विचार गरिछन् । उनले छोरालाई बोलाएर ए छोरा तँ मेरो आमाको घर जा तँ यताको पनि खबर लैजा र उताको पनि खबर ले भनेर भनिछिन् । केटो पनि हजरआमाको घरमा जान पाइने भयो भनेर खुसी भएछ । त्यसपछि सौतेनी आमाले खानेकुरा पकाएर दिइछिन् र केटोको दौराको तुनामा एउटा चिठी बाँधीन् । त्यो चिठीमा यो आउने मेरो सौतेनी छोरा हो । यसलाई मारेर खानु भनेर लेखेको रहेछ । केटो जाँदा जाँदा जङ्गलको बाटो पुगेछ । जङ्गलमा गाईवस्तु हेर्दै गरेका गोठालाहरूले त्यो केटोको तुनामा रहेको चिठी फुकाएर पढेछन् । त्यसपछि तिनीहरूले त्यो चिठी च्यातेर अर्को कागजको टुक्रामा मेरो छोरा आउँदैछ र राम्रोसँग खुवाएर केही दिन राखेर पठाइदिनु भनेर लेखेर तुनामा त्यसै गरी झुण्ड्याइ दिएछन् । त्यो केटो साँझ परेपछि हजुरआमाको घरमा पुगेछ । हजुरआमाले चिठीमा भने जस्तै गरिछिन् । केटोले हजुरआमाले स-साना केटाकेटी मारेर खाने गरेको पनि थाहा

पाएछ । साँझ परेपछि सुत्ने बेलामा छानामुनी थुप्रै चिण्डाहरू झुण्डिएको देखेछ । उसको पालो यिनीहरू किन झुण्ड्याएको ? भनेर सोधेछ । हजुरआमाको पालो पनि पालैपालो यो पानी पार्ने, यो असिना पार्ने, यो हावा ल्याउने भनेर सबैको बारेमा भनिछिन् ।

केही दिनपछिको कुरा हो । ती हजरआमाले साना कोटाकेटी पाउन छोडिछिन् । त्यही आफ्नो नाती केटोलाई मारेर खाने विचार गरिछिन् । यो कुरा चलाख केटोले थाहा पाएछ । उसको पालो ती सबै चिण्डाहरू बोकेर मागेछ । हजुरआमा उसलाई पछ्याउन थालिछिन् । हजुरआमाले भेट्न आँटेपछि उसको पालो पहिला पानीको, त्यसपछि हावाको र अन्त्यमा असिनाको चिण्डो फ्यालेछ । र ती हजुरआमा बाटैबाट फर्किछिन् र त्यो केटाले ज्यान बचाएर घर पुगेछ । घर पुगेपछि आफ्नी सौतिनी आमा पनि छक्क परिन् । उनको पालो छोरा तँ आइपुगिस् भनेर विष हालेर खिर पकाइछिन् र केटोलाई खान भनिछिन् । तर चलाख केटोले तपाईले नखाइकन म खान्न भनेर जिद्धी गरेछ । सौतेनी आमाको पालो थोरै खाँदा के होला भनेर खाइछिन् । तर त्यही खिरले उनको ज्यान गएछ । त्यसपछि त्यो केटो आनन्दपूर्वक बस्न थालेछ ।

सौजन्य : भरत फुँयाल

### ४.७ चलाख छोरीको कथा

एकादेशमा एउटा बुढाको एउटी छोरी र चार भाइ छोरा थिए । छोराछोरी सबैको विवाह भैसकेको थियो रे । छोरीको धेरै टाढाको गाउँमा विवाह भएको थियो रे । घरमा भने बुढालाई वुहारीहरूले राम्रोसँग हरेचाह गर्दैनथे ।

एक दिनको कुरा हो । छोरी घरबाट माइत आइछ । उसले बुबाको हालत देखेर तपाईको वुहारीहरूले राम्रो ख्याल गर्दैनन् कि क्या हो ? भनेर सोधेपछि बुढाले भनेछ- मेरो ख्याल कसले गर्छ र ? बुढो भइसकेँ । तिनीहरूले मबाट केही पाउने भए मात्र मेरो ख्याल गर्छन् नत्र गर्दैनन् भनेर जवाफ दिएछन् । बुढाकी छोरी पनि बाठी थिइन् । उनी बुबा बाचुन्जेल राम्रै होस् भन्ने सोचिन् । त्यसैले छोरीले केहीबेर सोचिन र बुबालाई म तपाईलाई केही कुरा भन्छु र तपाईले त्यसअनुसार गर्नुस्, हेर्नुस् म आइरहन पाउँदिन भनेर सम्झाइन् । त्यसपछि छोरीले बुबालाई एउटा सुनको सिक्री दिइन् र भनिन् तपाईले यो मलाई पछि फर्काउनु पर्छ । तपाई यो

लगाउनुस् । तपाईकी बुहारीहरूलाई पनि जसले तपाईको हेरतचाह गर्छ उसैले यो पाउँछ भनिदिनुस् । यति भनेर छोरी आफ्नो घर लागि । अब घरमा सबै वुहारीहरूले सुनको सिक्री पाउने आशामा बुढाको हेरचाह गर्न थाले ।

केही समयपछिको कुरा हो । बुढो बिरामी भये । उसले आफू धेरै नबाँच्ने कुरा थाहा भयो । त्यसैले उसले त्यो सिक्रीलाई दाउराको थुप्रोमुनी लुकायो । जब अर्को पटक छोरी माइत आइ, बुबाको मृत्यु भइसकेको थियो । छोरीले आफ्नी भाउजूहरूलाई के बुबाले मर्ने बेलामा मेरो लागि केही खबर छोड्नु भएको छ ? भनेर सोधी । ती भाउजूहरूले ए हो वहाँले दाउरा राम्रो हुन्छ भनेर तपाईलाई सुनाइदिनु भन्नु भाथ्यो भने । यो सुनेपछि चलाख छोरीले कुरो बुझीहाली र आँगनको दाउराबाट सुनको सिक्री झिकेर ऊ फेरि आफ्नो घरतिर लागि ।

सौजन्य : रामप्रसाद गजुरेल

**४.८ बाबुछोराको कथा**

एकादेशमा एउटा गाउँ थियो । त्यस गाउँमा एउटा परिवारको सन्तान  भएनछ । धेरै समयपछि धर्मको प्रभावले एउटा छोरो भएछ । लोग्ने र स्वास्नी खुसी भएछन् । छोरो ठूलो हुँदै गएछ । घरको सबै काम छोराले नै गर्न थालेछ । ऊ आफ्नो काम सकेर गाउँलेको काम पनि सघाउने गर्दथ्यो । यसो गरेको देखेर बाबुलाई मन परेनछ । ऊ छोरासँग रिसाउन थालेछ । बाबुको रिसाइले छोरो पनि दिक्क भएछ । अरुले भन्दा त घरमा मैले नै धेरै काम गरेको छु तै पनि बाबुको गाली खानुपर्ने भन्ने कुरा सोची रात बिताएछ ।

यसपछि घरमा बाबु छोराबीच कुरै मिल्न छोडेछ । बाबु छोरासँग रिसाउन थालेछन् । एकदिन् छोराले बाबुलाई मारेर बाहिर जाने सोच गरेछ । उसले बाबु नआउँदै आमासँग भनेछ । आमा मैले जति काम गर्दा पनि बाबु मसँग रिसाउँछन्, गाली गर्छन्, बाबुलाई काट्छु भनेर खुकरी ठीक पारेको छु भनेछ । अनि आमाले सम्झाउँदै भनिन् । बाबु तँलाई बाबुले रिसाएको होइन तँ राम्रो काम गर्न सक्लास, बुद्धि आउला भनेर तेरा लागि नै अर्ति गरेका हुन् गाली गरेको होइन भनिछिन् । यति भनेपछि छोराले बाबुले त मेरै लागि पो यसो गेका रहेछन् । मैले त विना कारण बाबुलाई मार्न  खोजेछु । अब यो पाप काट्न कता जाउँ भनेर एउटा मन्दिरको पूजारीलाई सोधेछ । उसले पूजारीलाई आफूले गर्न खोजेको सबै कुरा बताएछ । त्यसपछि

पूजारीले जसलाई तिमी काट्न तयार भएका थियौ उसैलाई खुसी पार्ने काम गर भनेछ । छोरो पनि बुबालाई कसरी खुसी पार्ने भनेर नजिकै आएर बसेछ ।

यता बुबालाई बल्लबल्ल भएको छोरा घर छाडेको देख्दा ज्यादै पीर परेछ । उसको छोरा गाउँको नजिकै बसेको कुरा उसले थाहा पाएछ । तर गाउँलेको सल्लाह अनुसार छोरालाई अर्कै तरिकाले बोलाउनु पर्छ भन्ने कुरा भएछ । अनि नौ जना दमाई बोलाएर नौमति बाजा बजाउन लगाएछन् । त्यो सुनेपछि बाजा जेको ठाउँमा छोरा आएछ । तिमीले जति काम गरे पनि मैले तिमीलाई गाली गरेँ, अबदेखि गल्ती गर्ने छैन भन्दै बाबुले आफ्नाृ गल्ती स्वीकारेछन् । छोराले पनि आफ्नो गल्ती सम्झँदै मैले झन तपाईको अर्ति नबुझी तपाईलाई काट्न तयार भएँ भन्दै बाबुको खुट्टा समातेर ढोगेछ । यसपछि बाुछोरा आ-आफ्नो कमजोरी थाहा पाएर मिलेर बस्न थालेछन् ।

सौजन्य : झलकमान सुनुवार

## ४.९ एउटा राजा र तीन रानीहरूको कथा

एकादेशमा एउटा राजाका तीनवटी रानीहरू थिए । राजाले कान्छी रानीलाई हेला गर्दथे । अरु रानीहरू पनि कान्छी रानीलाई हेला गर्थे । त्यसैले रानीले राजालाई टुनामुना गरी मुटु खाने व्यथा लगाइछन् । त्यो व्यथा निको पार्न राजाले अनेक धामीहरू खोजी गरेछन् । तर त्यो व्यथा कुनै धामीले पनि निको पार्न सकेनछन् । एउटा ज्योतिषले पनि राजालाई जान्ने धामी बोलाएर देखाउनु पर्ने सल्लाह दिएछन् तर सबै धामीले बिमार निको पार्न नसकेको कुन धामीले निको पार्न सक्छ त भन्ने विषयमा खोज तलास गर्दै जसले मेरो बिमार निको पार्छ उसलाई धेरै सम्पति दिन्छु भनी भ्याली पिटाएछन् । यो खबर सुन्दा एक जना गरिव धामीले म त्यो बिमार निको पार्न सक्छु कि भनेर राजा कहाँ गएछ । राजदरवारमा आएपछि मेरो व्यथा निको पार्न सक्छौ ? भन्दा तै सक्छु की भनेर जुन रानी असन्तुष्ट थिइन तिनको कोठका गएछ । कोठामा गएपछि कामी र रानीले आ-आफ्नो विद्या जोडन सुरु गरेछन् । रानीले दुई काइयो खरानीको डोरी बाट्दै आकासमा पुऱ्याउने गरिन । कामीले आफ्नो विद्याले त्यो डोरी फुकाउँदै भुइमा ल्याउने गरे । रानीले जति डोरी बाटे पनि कामीले सजिलै फुकाइ दिएछ । अन्त्यमा रानीले आफ्नो हार मानेपछि लअव म डोरी बाट्छु तिमी फुकाउ कामीले भनेछ । कामीको पालो तीन

काइयोको डोरी बाट्दै आकाससम्म पुऱ्याएछ तर रानीले फुकाउन सकिनछ । विद्या जुदाउँदा रानीको हार भएछ र रानीले टुनामुना गरी राजालाई लगाएको व्यथा निको भए छ । रानीले पनि मेरो बेइज्जत नगर्न भनि कामीलाई सुनको थाल दिइछिन् । राजाले आफ्नो व्यथा निको पारेकोले कामी धामीलाई धन दौलत दिइ घरमा पठाएछन् र त्यो गरिव कामी पनि धन सम्पत्ति पाएर आनन्दसँग बस्न थालेछ । सुन्नेलाई सुनको माला ....... आउला ।

सौजन्य : गुञ्ज बहादुर कार्की

## ४.१० ऋषिको छोराको कथा

एकादेशमा एकजना ऋषिको सन्तान रहेनछन् रे । उनी विष्णु भगवान भएको ठाउँमा गएर मलाई १० भाइ छोरा दिनुस भनेर वर मागेछन् । विष्णुले तिम्रा १० भाइ छोरा होइनन् ५ भाइ छोरा मात्र छन् भनेछन् । छोरा-छोरी मागेर पाईदैन आफ्नो पूर्व कार्य अनुसार हुन्छन् भनेछन् ।

त्यसपछि भगवानले भनेछन् । तिम्रो पहिलो छोरा जन्मन्छ त्यसलाई रूखको फेदमा लगेर ठाडो पारेर राख्नु फेरी माइलो छोरा जन्मन्छ त्यसलाई पनि जेठैको छेउमा ल्याएर राख्नु साइलो जन्मेपछि माइलो कै छेउमा ठाडो पारेर राख्नु अनि काइलो छेउमा राख्नु भनेर भनेछन् । अन्त्यमा कान्छो छोरालाई ती दाजुहरूको शिरमा तेस्रो पारेर राख्नु अनि जेठोको ढुङ्गा माइलोको ढुङ्गा साइलोको ढुङ्गा काइलोको ढुङ्गा अनि कान्छोका ढुङ्गा चिनेर टिप्नु अनि रूखमा चढ्नु उनीहरूका कुरा सुन्नु भनेर भगवानले बताएपछि ऋषि घरमा आएछन् । घरमा आइपुग्दा नभन्दै स्वास्नीले छोरारु पालैपालो जन्माउन थालिछन् । ऋषिले पनि राजाले भनेजस्तै गरेर चार भाइ छोरा ठाडो पारेर राखेपछि कान्छो छोरालाई सबैको तेर्सो पारेर राखेछन् । भगवानले भनेभैं गरेर सबै छोराहरूको ढुङ्गा चिनेर टिपी रूखमा बसेछन् । जब रात भयो अनि जेठा दाजुले भनेछ भन भन भाइ हो तिमीहरू बाँचेका भए के गर्थ्यो ? अनि भाइहरूले पनि दाजुसँग भनेछन् तपाइ बाच्नु भएको भए के गर्नु हुन्थ्यो ? अनि दाजुले भनेछ यदि म बाँचेको भए संसार भरका मानिसहरूलाई काट्थे अनि आमा बाबुलाई रुवाउथे । त्यसपछि माहिलाले भनेछ म बाँचेको भए रण्डीवाजी गरेर घरको सम्पत्ति सखाप पार्थें अनि त्यसपछि साहिलाले भनेछ म बाँचेको भए जाँड रक्सी खान्थें आमाबाबुलाई दुःख दिन्थें, काहिँलाले भनेछ, म बाँचेको भए आमाबाबुलाई

काट्थैँ । त्यसपछि कान्छाले भनेछ, म बाँचेको भए मेरा आमाबाबुलाई राम्रोसँग पाल्थैँ, राम्रो घरमा राख्थैँ । यी सबै कुरा रुखमाथि बसेका बाबुले सुनिरहेका थिए । अनि जोठो, माहिँलो, साहिँलो, काहिँलोको ढुङ्गाले तिनीहरूलाई हानेर कान्छाको ढुङ्गा शिरमाथिबाट आफ्नै पछाडि फाली कान्छो छोरालाई लिएर आएछन् । अनि त्यसै छोरालाई पालेर आनन्दसँग बस्न थालेछन् रे ।

सौजन्य : भुवन के.सी.

### ४.११ आमा र दुई छोराहरूको कथा

एकादेशमा एउटी आमाको दुईवटा छोरा थिए रे । छोराहरू जङ्गलबाट घाँस काटेर ल्याउने गर्दथे रे । एक दिन आमाले दुइटै छोरालाई ल तिमीहरू जङ्गल जाओ म रोटी हालेर राख्छु भनिछिन् । जोठो छोरो जङ्गल गएछ तर कान्छो छोरा नगइकन घर पछाडि आमाले हालेको रोटी भित्तामा कोर्दै गन्दै बसेछ । जब जेठो दाजु घाँस लिएर जङ्गलबाट आयो तब आमाले दुवै छोरालाई ल कसले भन्न सक्छ ? यहाँ कतिवटा रोटी छ ? भनेर सोधिछिन् । जेठोलाई त के थाहा, कान्छोले यतिवटा छ भनेर ठ्याक्कै जवाफ दिएछ । आमाले मेरो कान्छो छोरा त मन्त्री भएछ भनेर गाउँभरि हल्ला गरिछिन् । यो हल्ला विस्तारै त्यहाँको राजाकहाँ पनि पुगेछ ।

त्यसको केही दिनपछि राजाले त्यो मन्त्रीलाई लिन मान्छे पठाएछन् । राजाले उसलाई मन्त्रीमा जागिर दिएछन् । ऊ पनि दरबारमा आरामसँग बस्न थाल्यो । एक दिनको कुरा हो । राजाकी छोरीको औँठी हराएछ । दरबारका सबै मानिसहरूले धुइपत्ताल खोजेछन् तर कसैले भेटेनछन् । अन्त्यमा त्यो मन्त्रीले पत्ता लगाउँछ होला भनेर बोलाएछन् । ल मन्त्री अब तिमीले मेरी छोरीको औँठी पत्ता लगाउनु पर्‍यो भने मन्त्रीले पनि हुन्छ भनेर जवाफ दियो । रात परेपछि खाना खाएर त्यो मन्त्री सुत्न कोठामा गयो तर उसलाई निन्द्रा परेन । ऊ आयो निधुली तेरै काल भन्दै बस्दो  रहेछ । यो कुरा पल्लो कोठामा बस्ने एउटी निधुली नामकी नोकर्नीले सुनिछिन् । त्यो नोकर्नीले त मैले औँठी चोरेको थाहा पाएछ भनेर मन्त्री बसेको कोठामा आई ए मन्त्री भाइ त्यो औँठी मैले भेटेर एउटा कोठामा भुस्साभित्र राखेको छु । तर मेरो नाम नभनिदिनु भनिछिन् । मन्त्री पनि औँठी पत्ता लागेकोमा खुसी भयो र आनन्दसँग सुत्यो । भोलि पल्ट राजाले

मन्त्रीलाई ल मन्त्री औँठी पत्ता लाग्यो त ? भनेर सोध । त्यसपछि मन्त्रीले त्यो औँठी फलानो कोठामा भुस्सामा लुकाएर राखेको जस्तो लाग्छ भन्यो । राजाले तुरुन्तै त्यहाँ मान्छेहरू पठाए नभन्दै औँठी त्यही रहेछ । मन्त्रीको नाम पनि झन चल्दै गयो र तलब पनि बढ्दै गयो ।

यसको केही दिन पछिको कुरा हो । राजाले अर्को देशमा लड्न जानुपर्ने भयो । राजाले लड्न जानको लागि हात्ती घोडा सबै ठीक पार्न लगाए । उनले मन्त्रीलाई पनि लड्न जान भने मन्त्रीले लड्न मानेन् । राजाले धेरै कर गरेपछि उसले जार्ने पर्ने भयो र उसलाई हात्ती र घोडा मध्य कुनमा चढ्ने भनेर राजाले छान्न लगाए । त्यो मन्त्रीले आफू विस्तारै जानुपर्ला भनेर एउटा अगाडिको दाहिने खुट्टा उचालेर बसको बाइपङ्खी घोडा छान्यो । राजा पनि मेरो मन्त्री कस्तो बाठो र'छ भनेर चुप लागेर बस्यो । जब त्यो मन्त्री घोडामा चढेर लगाम समातेको थियो घोडा लड्न जाने ठाउँतिर  उड्यो । यो मन्त्रीको सात्तापुत्लो उड्यो । उसले रुख समात्यो रुख नै आउँछ, लहरा समात्यो लहरा नै आउँछ । हुँदा हुँदा घोडाले लड्ने मैदानमा पुऱ्यायो । त्यहाँ लड्न आएका अर्को देशका मानिस सुरुमा आउने त यस्तो पछि आउने कस्तो होला ? भन्दै भागेछन् । दुई जना लुकेर बसेका रहेछन् । जब त्यो मन्त्रीले घोडाबाट ओर्लेर कता हो जिली कता हो गाँठी भन्दै घोडाको समान खोल्न थाल्यो । ती दुईटाको नाम पनि त्यही रहेछ । तिनीहरू पनि ल हामीलाई खोज्न थाल्यो भन्दै भागेछन् ।

अन्त्यमा जब राजा सेनाहरू लिएर आए सबै मानिस भागिसकेका रहेछन् । राजा मन्त्रीसँग धेरै खुसी भए र आफ्नी छोरीको विवाह मन्त्रीसँग गरिदिएर आधा राज्य पनि काटेर दिए ।

सौजन्य : लिम्बमान भुजेल

### ४.१२ प्रेतबाट मानिस बचेको कथा

धेरै धेरै पहिलेको कुरा हो । एउटा गाउँमा बुढा र बूढी बस्थे । बूढी बोक्सी रहिछ । एक दिनको कुरा हो । बुढाले थाहा पायो कि उसकी श्रीमती त्यो रात गाउँ नजिकैको एउटा ठूलो रुखमा प्रेतको पूजा प्रार्थना गर्न जानेवाला थिइन् । त्यो रुखको वरिपरि अरु बोक्सीहरू पनि जम्मा भएर पूजा प्रार्थना गर्दथे ।

त्यो बुढाले आफूलाई आफ्नी बूढीले वेला वेलामा दुःख दिने गरेको कुरा र आफ्नी बूढीसँग सधैँ शंका रहने कुरा आफ्नो मिल्ने एउटा साथीलाई सुनायो । उसको साथीले केहीबेर सोच्यो र त्यो बुढालाई तिमीले केही थाहा नपाए जस्तो गरी बस्नु र केही चिन्ता पनि नलिनु भनेर सम्झायो । जब रात पाऱ्यो, त्यो बूढीले पूजा गरिन् र उसको सुतेको लोग्नेलाई चामल छर्किन् र लोग्नेलाई आफूले जे भन्यो त्यही हुने पारिन् । त्यसपछि आफ्नो लोग्नेलाई एउटा डोरीले घाँटीमा बाँधिन् । आफ्नो लोग्नेलाई ती बूढीले बोकालाई जस्तै गरी घसार्दै त्यही प्रेत भएको ठाउँतिर लगिन् । जब मध्य रात भयो । तिनले आफ्नो लोग्नेलाई बली दिन लागिन् । त्यति नै वेला त्यो बूढीले कुखुराको भाले बासेको सुनिन् र त्यसपछि यो उज्यालो हुने वेलामा बली दिएमा राम्रो हुँदैन भन्ने चेतावनी पनि सुनिन् ।

यति सुनिसकेपछि ती बूढी ए साँच्चै आज प्रेत रिसाएछन् भन्दै आफ्नो लोग्नेलाई त्यहीँ छाडेर भागिन् । त्यसको एकछिनपछि त्यो बुढाको साथी रुखबाट ओर्लिएर त्यहीँ आयो र उसले म पहिले नै यो रुखमा आएर बसेको थिएँ , मैले नै यो सब आवाज बनाएको भन्यो । यसरी त्यो बूढा प्रेतबाट बचेको थियो रे ।

सौजन्य : भुपाल बराल

### ४.१३ दुई गाँड भएको मानिसको कथा

एकादेशमा एउटा गाँड भएको किसान बस्दथ्यो । एकदिन ऊ खेत जोत्दा जोत्दै थकाई लागेर रुखको छहारीमा सुतेछ । त्यो खेत नजिकै जङ्गल रहेछ । त्यो जङ्गलमा परीहरू बस्दारहेछन् । त्यो किसान सुतेको केही समयपछि दुईटी परीहरू त्यही खेत छेउ खेल्न आएछन् । तिनीहरूले रुखमुनी एउटा गाँड भएको मानिस सुतेको देखेछन् । तिनीहरूलाई त्यो मानिसको गाँड मन परेछ । तिनीहरूको पालो त्यो गाँडलाई उप्काएछन् । एकछिन गाँड खेलाएछन् र त्यो गाँडलाई घर लगेछन् ।

तर अरु परीहरूले तिनीहरूलाई गाली गरेर यो गाँड जहाँबाट ल्याएको हो त्यही लगेर राख भनेछन् । ढिलो भएकोले त्यो गाँड तिनीहरूले त्यो रात त्यहीँ आफूहरूसँगै राखेछन् । यता किसान जब सुतेर उठ्यो उसले आफ्नो नराम्रो गाँड देखेन । ऊ खुसी हुँदै घर गयो । गाउँका सबै मानिसहरू पनि छक्क परे । एकजना त्यो मानिसको छिमेकी थियो रे । त्यो छिमेकीले त्यो

किसानलाई कसरी यस्तो भयो । मलाई पनि उपाय बताइदेउ न भन्यो । त्यो किसानले उसलाई सबै कुरा बताइदियो ।

अर्को दिन छिमेकी र किसान दुवै जना किसानको खेतमा गए । त्यो किसानले उसलाई आफू सुतेको रुख पनि देखाइदियो र उ त्यहाँबाट घर फर्कियो । त्यो छिमेकी आफ्नो गाँड हराउने आशामा त्यो किसानले भने जस्तै गरी मस्त निन्द्रामा सुत्यो ।

त्यसको केही समयपछि तिनै दुवै जना परीहरू त्यो किसानको गाँड लिएर खेतमा आए । त्यहाँ उनीहरूले त्यही हिजो कै मानिस सुतेको ठाने र तिनीहरूले ल्याएको गाँड त्यो छिमेकीको घाँटीमा जोडेर गए । केही समयपछि त्यो छिमेकी मानिस उठ्यो, तर उसले आफ्नो घाँटीमा दुईटा गाँड देख्यो । यस्तो देखेर त्यो छिमेकी रुँदै आफ्नो घरतिर गएको थियो रे ।
सौजन्य : चेतप्रसाद भट्टराई

# परिच्छेद : पाँच
# सङ्कलित लोककथाहरूको विश्लेषण र मूल्याङ्कन

## ५.१ विषय प्रवेश

संकलित लोककथाहरू धनुषा जिल्लाको उत्तरी क्षेत्रको चुरेडाँडा पाखा, वनजंगल जस्ता भौगोलिक महत्वमा हुर्किएका विभिन्न परिवेश जात जाति मूल्य मान्यता परम्परामा जीवित लोककथाहरू कुनै घट्नाप्रधान कुनै चरित्र प्रधान कुनै परिवेश प्रधान हुने मनोरञ्जन प्रधान कुनै नीतिप्रधान कुनै सामाजिक कुनै पौराणिक त कुनै मानिस त पशुपंक्षी सम्बन्धी रहेका छन् । जसले विद्यमान समाजको परिवेश वातावरण अर्ति, उपदेश, शिक्षा, नीति, मनोरञ्जन, रमाइलो गराउने खालका लोककथाहरू रहेका छन् ।

## ५.२ स्यालको फैसलाको कथा

**कथानक** : प्रस्तुत कथा धनुषा जिल्लाको उत्तरी भेगमा प्रचलित सामाजिक लोककथा हो । प्रस्तुत कथामा समाजमा धनी वर्गले गरिब वर्गमाथि गरिएको निरंकुश व्यवहारलाई प्रकाश परिएको छ वा गरिबले धनी वर्गको थिचोमिचो सहनुपर्ने कुरालाई देखाइएको छ । किनभने घोडावालाले घोडालाई उखुको कोलमा बाँधेर दिसा गरेर फर्कँदा उखुवालाले मेरा घोडा हो भनेर दावी गरी पञ्च राख्न पनि पछि पर्दैन । तराईको समाजमा पनि न्याय चाहिँ सही ढंगले हुँदोरहेछ भन्ने कुरा जम्बु मन्त्री स्यालको फैसलाबाट प्रष्ट देखिन आउँछ ।

यही घटनाको उपयुक्त संयोगबाट यो कथा श्रृङ्खलित, आकर्षक र लोकप्रिय देखिन्छ ।

**पात्र** : प्रस्तुत कथामा मानव र पशु पात्रको भूमिका उल्लेख छ । यस कथामा स्यालले मुख्य भूमिका खेलेको देखिन्छ भने घोडावाला मानिस र उसखुवाला मानिसले सहायक पात्रको भूमिका खेलेको छ ।

**परिवेश** : यस कथामा राणाकालीन परिवेश आएको छ । ससुराली गएको, उखु पेल्ने कोल, उता स्याल भएकोले पनि ग्रामीण परिवेश र जङ्गल परिवेशको सूचक देखिन्छ ।

**उद्देश्य** : समाजमा धनी भएँ भन्दैमा गरिबलाई हेपेर अथक सम्पत्ति थोपार्न लाग्नु हुँदैन । गरिबलाई थिचोमिचो गरेर निरंकुश व्यवहार गर्नु हुँदैन । जतिसुकै वेइमान् गरे पनि आखिर

सत्यको विजय हुन्छ भन्ने कुराको सन्देश दिनु यस कथाको मुख्य उद्देश्य हो भने मनोरञ्जन प्रदान गर्नु गौण उद्देश्य रहेको देखिन्छ ।

**भाषा** : यस कथामा सरल, सहज र सम्प्रेष्यमूलक ग्रामीण भाषाको प्रयोग गरिएको छ ।

**शैली** : यस कथामा कथा वर्णनको आधारमा आदि, मध्य र अन्त्य भागको श्रृङ्खला रहेको हुँदा वर्णनात्मक शैलीको प्रयोग भएको छ ।

### ५.३ घोडा चोरको कथा

**कथानक** : प्रस्तुत कथा धनुषा जिल्लाको उत्तरी भेगमा प्रचलित सामाजिक समस्यालाई विषयवस्तुको रूपमा लिइएको छ । सुरुमा पहाडे समाजको बुढो मानिस धन कमाउन तराई झरेको र तराई झर्नुभन्दा अगाडि सम्पत्तिको नामका घाडाहरूको राम्रो हेरचाह गर्नु भनि सुझाव दिएको र अर्कोतर्फ अर्काको सम्पत्तिका लोभ गर्दा दुःख पाइन्छ भन्ने कुरालाई प्रष्ट पार्न लुब्दो बाघ र चोर मानिसको प्रसङ्गबाट प्रष्ट देखिन्छ । यी विभिन्न घटना श्रृङ्खला मिलेर यो कथा पूर्ण कथानक र लोकप्रिय भएको छ ।

**पात्र** : यस कथाको मुख्य पात्र घोडा चोर मानिस देखा परेको छ । सहायक पत्रमा बाघ, घोडा, मानवेत्तर पात्रको रूपमा देखिन्छन् भने अर्का सहायक पात्र बुढो र बूढी रहेका छन् ।

**परिवेश** : यो कथामा पहाडे ग्रामीण परिवेश आएको छ । किनभने बाघ पनि घोडा चोर्न गाउँमा बुढाबूढीको घरमा आएको छ भने घोडा चोर पनि त्यही घरमा आएर घोडा चोर्नुले ग्रामीण परिवेशको झल्को देखिन्छ ।

**उद्देश्य** : यस कथामा अर्काको सम्पत्तिमा लोभ गर्दा दुःख पाइन्छ भन्ने कुरा प्रष्ठ पारिएको छ । यस कथामा घोडाप्रति बाघको नजर र घोडाप्रति चोरको नजर परेर एकतिर बाघले दुःख पायो भने अर्कोतिर चारे मानिसले दुःख पायो । तसर्थ चोर्नु हुँदो रहनेछ भन्ने सन्देश यस कथाले दिएको छ ।

**भाषा** : यो कथा पहाडे ग्रामीण परिवेशमा प्रस्तुत भएकोले गर्दा भाषा स्थानीय चलनचल्ती अनुसार रहेको छ ।

**शैली** : यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

## ५.४ लाटो बाघ र चलाख मानिसको कथा

**कथानक** : प्रस्तुत कथा धुनषा जिल्लाको उत्तरी भेगमा प्रचलित पशुपंक्षी र मानवीय सम्बन्धी लोककथा हो । सुरुमा एउटी आमा र दुई भाइ छोरा रहेको, छोराहरू जङ्गलमा सिकार खेल्न गएको, बाटामा बाघलाई भेटेको, दाजुले बाघलाई ऐना देखाएको र दाजुको यस किसिमको चतुऱ्याइँले गर्दा बाघको मुखबाट उनीहरू बच्न सफल भएको साथै रुखबाट भाइ बाघको समूहमा खस्दा दाजुले लिँडे राजा बाघलाई समात्नु भन्दा बाघहरू भाग्नुले उनीहरूको चलखीपनलाई प्रस्ट्याएको छ । यसर्थ एक साधारण व्यक्तिको सानो युक्तिबाट ठूलो सङ्कटमा पनि बच्न सफल हुँदो रहेछ भन्ने कुराको सन्देश दिएको छ ।

**पात्र** : प्रस्तुत कथामा मुख्य पात्र दाजु र सहायक पात्रको रूमा भाइ र बाघ तथा गौण पात्रको रूपमा आमा रहेको देखिन्छ ।

**परिवेश** : यो कथा लौकिक ग्रामीण परिवेश अन्तर्गत आएको छ । सिकार खेलेको सन्दर्भबाट जङ्गलको परिवेश पनि देखा परेको छ ।

**उद्देश्य** : यस कथाको मुख्य उद्देश्य एक साधारण मानिसले युक्ति र बुद्धिबाट ठूलो सङ्कटमा पनि सुरक्षित हुन सक्छ भन्ने कुराको सन्देश दिएको छ ।

**भाषा** : यस कथाका शब्दहरू प्रायः स्थानीय चलनचल्ती अनुसार कथ्य भाषाको प्रयोग भएको पाइन्छ । भाषामा जनबोली प्रस्तुत गरिएको छ ।

**शैली** : यस कथामा वर्णनात्मक शैलीलाई अङ्गालिएको छ ।

## ५.५ मुसाको कथा

**कथानक** : प्रस्तुत कथा धनुष जिल्लाको उत्तरी भेगको समाजमा प्रचलित पशुपंक्षी र मानव सम्बन्धी लोककथा हो । यस कथामा मुसोले पृथ्वीमा सबभन्दा बलिया राजा जो हुन्छ त्यससँग विवाह गर्ने अठोट गर्दछ । उसले पालैपालो राजा, सूर्य, बादल, हावा, घाँस गरी अन्तिममा मुसोसँग विवाह गर्दछ । किनभने उसको मूल्याङ्कनमा मुसो नै पृथ्वीको सबैभन्दा बलियो राजा रहेछ । यसर्थ यस कथाले समाजमा धनी र पहुँचवाला वर्गको छोरीसँग विवाह गर्ने चलनलाई देखाइएको छ ।

**पात्र** : प्रस्तुत कथाको मुख्य मानवेत्तर पात्र मुसो र सहायक मानव र मानव र मानवेत्तर पात्रहरू क्रमशः राजा, सूर्य, बादल, हावा र घाँस रहेका छन् ।

**परिवेश** : प्रस्तुत कथामा तराईको ग्रामीण परिवेश आएको छ । किनभने तराईमा प्राय गरेर सम्पत्तिवालाको छोरीसँग विवाह गर्ने चलन रहेको छ ।

**उद्देश्य** : यस कथाको मूल उद्देश्य मानिसले कहिल्यै पनि धन र बलको पछि लाग्नु हुँदैन भन्ने कुराको सन्देश दिएको छ भने अर्कोतर्फ मानिसले विवाह गर्न जतिसुकै धनी वर्गका छोरी छाने पनि अन्तिममा आफ्नो स्तर र जातसँग विवाह गर्नु पर्छ भन्ने सन्देश मानवेत्तर पात्र मुसोको व्यवहारबाट प्रष्ट देखिएको छ ।

**भाषा** : प्रस्तुत कथामा प्रयुक्त भाषा सरल, सरस र सम्प्रेष्य खालको देखिन्छ ।

**शैली** : यस कथामा वर्णनात्मक शैलीलाई अवलम्बन गरिएको छ ।

### ५.६ भालु र स्यालको कथा

**कथानक** : प्रस्तुत कथा धनुषा जिल्लाको उत्तरी भेगमा प्रचलित मानिस र पशुपंक्षी सम्बन्धी लोककथा हो । यस कथामा भालु र स्यालले मीत लगाएको, मीत स्यालले जे गऱ्यो अर्को मीत भालुलाई पनि त्यही गर्नु पर्ने रोगले सताएको, स्यालले क्रमशः गरेको कुरा भालुलाई पनि क्रमशः गर्नुपर्ने जस्तो खुर्सानी चपाएको, मौरीको गोलोलाई मुखले आवाज दिँदै मादल मजाएको र लहरामा पिङ खेलेको आदि कार्यले अन्तिममा लहरामा पिङ खेल्दा स्यालले धकेलिदिएर भालुको मृत्यु हुन्छ । यसर्थ यस कथाले अर्काको जे देख्यो आफूले त्यही कुराको नक्कल गर्नु हुँदैन भन्ने दर्शाइनु र श्रृङ्लाबद्ध घटनाले यस कथा पूर्ण, सफल र लोकप्रिय बनेको छ ।

**पात्र** : प्रस्तुत कथाको मानवेत्तर पात्रहरूमा स्याल मुख्य रहेको छ भने भालु सहायक पत्र रहेको छ भन्ने कुरा उनीहरूको व्यवहारबाट प्रष्ट पारिएको छ ।

**परिवेश** : प्रस्तुत कथामा भालु र स्यालको प्रस्तुति, लहरामा पिङ खेलेको, मौरीको गोलोलाई मादल बजाएको र जिरे खुर्सानीको बारीमा गएर खुर्सानी चपाएको सन्दर्भले जङ्गली र ग्रामीण परिवेशको सूचक देखिन्छ ।

**उद्देश्य** : यस कथाको मुख्य उद्देश्य आफू बलियो भएँ भन्दैमा साना र कमजोरलाई दुःख दिनु हुँदैन, आफू ठूलाबाट दविनुपर्दा बुद्धिमत्ता कामबाट ठूलाको अगाडि विजय हुन सकिन्छ भन्ने सन्देश स्यालको चतुऱ्याइँबाट प्रष्ट पारिएको छ ।

**भाषा** : ग्रामीण परिवेशको विशुद्ध भाषाको प्रयोग भएको पाइन्छ ।

**शैली** : यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

## ५.७ दुई आमाछोराको कथा

**कथानक** : यस कथामा एउटी आइमाईको सौताने छोरा रहेको छ । सौतेनी आमाले सौतेनी छोरालाई मार्न दौराको तुनामा चिठी लेखी माइत पठाउनु, बाटोमा गोठालाले चिठी पढेपछि उक्त चिठी च्याती अर्को सम्मानजनक चिठी लेखी सोही स्थानमा बाँधीदिनु, भोको हजुरआमाले खान खोज्दा भागेर आफ्नै घरमा फर्कनु, र घरमा पनि सौतेनी आमाले उसलाई मार्नको लागि खिरमा विष हाल्नु तथा छोराको चतुऱ्याइँले विष हालिएको खीर सौतेनी आमालाई खान लगाउनु र सौतेनीआमाको मृत्यु हुनुले मानवले मानवप्रति क्रुर व्यवहार गर्नुहुँदैन भन्ने कुरा प्रष्ट पारेको छ ।

**पात्र** : यस कथाको मुख्य पात्र छोरो हो भने सहायक सौतेनी आमा, सौतेनी आजुरआमा र गोठालाहरू गौण पात्रको रूपमा रहेका छन् ।

**परिवेश** : प्रस्तुत कथामा ग्रामीण परिवेशलाई देखाइएको छ । सौतेनी आमा, छोरा, सौतेनी अजुरआमा, गोठाला, गाईवस्तु आदि ग्रामीण परिवेशका सूचक हुन् ।

**उद्देश्य** : यस कथाको मुख्य उद्देश्य मानवले मानवप्रति मानवीय व्यवहार गर्नु पर्दछ र सौतेनी छोरो पनि आफ्नै छोरो सम्झी व्यवहार गर्नु पर्छ भन्ने कुराको सन्देश दिएको छ ।

**भाषा** : यस लोककथामा सरल, सहज र विशुद्ध ग्रामीण भाषाको प्रयोग गरिएको छ ।

**शैली** : यस कथामा वर्णनात्मक शैलीको प्रयोग भएको छ ।

## ५.८ चलाख छोरीको कथा

**कथानक** : प्रस्तुत कथा धनुष जिल्लाको उत्तरी भेगमा प्रचलित सामाजिक लोककथा हो । यस कथामा एउटी छोरीले बुबाको लागि देखाएको चलाखीलाई प्रस्तुत गरिएको छ । यस कथामा

एउटा बुढाको चार छोरा र एक छोरी रहेका छन् । बुढासँग कुनै पनि सम्पत्ति हुँदैन । सम्पत्ति नहुँदा छोरा बुहारी कसैले रेखदेख गर्दैनन् । तर छोरी घरबाट माइत आएर बाबुलाई सुनको सिक्री दिनु र त्यही सिक्रीको आशले बुढालाई छोरा बुहारीले राम्रोसँग हेरचाह गर्दछन् । यसर्थ धन सम्पत्ति भए सबैले रेखदेख पाउने र नभए नपाउने सामाजिक यथार्थलाई यस कथामा प्रष्ट पारिएको छ ।

**पात्र** : यस कथाको मुख्य पात्र बुढो र छोरी हुन् भने सहायक पात्रको रुपमा छोरा बुहारी रहेका छन् ।

**परिवेश** : यस कथाको प्रस्तुति ग्रामीण परिवेशको रहेको छ ।

**उद्देश्य** : यस कथाको मूल उद्देश्य पितृ प्रेमसँग सम्बन्धित छ । वृद्धावस्थाको अन्तिक समयमा छोराहरू सहारा बन्दछन् भन्ने सामाजिक मान्यता र बुझाईलाई चिर्दै छोरीको सम्वेदनशील सहयोगले बुढाको दैनिकीमा आएको सुखलाई देखाएको छ । यसर्थ आमाबाबुको लागि छोरा र छोरी दुवै बराबर हुन् र दुवैले आमाबाबुको ख्याल राख्नुपर्छ भन्ने कुराको सन्देश दिएको छ ।

**भाषा** : स्थान विशेषमा बोलिने कथ्य भाषाको प्रयोग यस कथामा गरिएको छ ।

**शैली** : यो कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

## ५.९ एउटा राजा र तीन रानीको कथा

**कथानक** : प्रस्तुत कथा धनुषा जिल्लाको उत्तरी भेगमा प्रचलित सामाजिक लोककथा हो । यस कथाको प्रारम्भमा एउटा राजाका तीन रानी हुन्छन् । कान्छी रानीलाई राजाले हेलाँ गर्दछन् । त्यही कारणले कान्छी रानीले राजालाई मुटु खाने टुनामुना लागाइदिन्छिन् । राजाले अनेकौं उपचार पश्चात जसले राजाको रोग निको पार्छ उसलाई धेरै सम्पत्ति दिने घोषणा गर्छन् । उक्त घोषणा सुनी गाउँको गरिब कामी आएर राजाको उपचार गर्छ । रानीको विद्यालाई चूर्ण गर्छ । यसर्थ यो कथा प्रारम्भ, मध्य र अन्त्य गरी पूर्ण सफल र लोकप्रिय कथाको रूपमा रहेको छ ।

**पात्र** : यस कथामा राजा, रानी मुख्य पात्र र गरिब कामी सहायक पात्रको रूपमा रहेका छन् ।

**परिवेश** : प्रस्तुत कथामा राजा, रानी र राजाको रोग निको पार्ने सम्बन्धमा धेरै सम्पत्ति दिन झ्याली पिट्नुले दरवारीया परिवेशलाई देखाइएको छ ।

**उद्देश्य** : यस कथाको मुख्य उद्देश्य ज्ञानको कुरामा राज र प्रजा भन्ने कुरा हुँदैन । प्रजासँग पनि राजाको भन्दा ठूलो ज्ञान हुन सक्छ र बहु विवाह प्रणाली प्रति व्यङ्ग्य गर्नु मुख्य सन्देश रहेको छ ।

**भाषा** : यो कथाको भाषा सरल, सरस र ग्राम्य रहेको छ ।

**शैली** : यस कथामा वर्णनात्क शैलीको प्रयोग गरिएको छ ।

### ५.१० ऋषीको कथा

**कथानक** : प्रस्तुत कथा धनुषा जिल्लाको उत्तरी भेगमा प्रचलित सामाजिक लोककथा हो । यस कथामा प्ररम्भमा ऋषिको सन्तान नहुनु, ऋषिले विष्णु भगवानको तपश्या पश्चात पाँच भाइ छोरा हुनु, तर ऋषिले भगवानले भनेअनुसार कार्य गर्नुले ऋषिका पाँच भाइ छोरामध्ये चार भाइ कुकार्यतिर लाग्नु र एक भाइ बाबुआमाको सेवा गर्ने भएकोले कान्छोलाई घरमा लिएर आउनु, अरुलाई ढुंगाले हानेर आउनु आदिले कथा लोकप्रिय बनेको छ ।

**पात्र** : यस कथाको मुख्य पात्र विष्णु भगवान र सहायक पात्र ऋषि रहेका छन् भने पाँच भाइ छोरा र ऋषिको स्वास्नी गौण पात्रको रूपमा रहेका छन् ।

**परिवेश** : प्रस्तुत कथा ग्रामीण परिवेशमा रचिएको छ । ऋषिले भगवानको तपश्या गर्नु, छोराको बरदान माग्नु आदिले ग्रामीण परिवेशको सूचना दिन्छ ।

**उद्देश्य** : यस कथाको मुख्य उद्देश्य जतिसुकै छोरा जन्माए तापनि बाबुआमालाई रेखदेख गर्ने छोरा कमै हुन्छन् र धेरै सन्तान जन्माउनु हुँदैन भन्ने खालको सन्देश दिएको छ ।

**भाषा** : यस लोककथाको भाषा सरल, सरस र सम्प्रेष्य रहेको छ ।

**शैली** : यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

### ५.११ बाबुछोराको कथा

**कथानक** : प्रस्तुत कथा धनुषा जिल्लाको उत्तरी भेगमा प्रचलित सामाजिक लोककथा हो । यस कथामा लोग्ने स्वास्नीको सन्तान नभएपछि धर्मको प्रभावले एउटा छोरो हुनु, छोरो बढेपछि बाबुलाई सहयोग गर्दै जानु र छिमेकीलाई पनि सहयोग गर्दै जानु, छिमेकीलाई सहयोग गऱ्यो

भनेर बाबुले छोरालाई रिस गर्नु, छोराले बाबुप्रति कुकर्म सोच्नु, आमाको सम्झाई बुझाईले बाबु छोराको मिलन हुनु आदिले कथा रोमाञ्चक, श्रृङ्खलित र लोकप्रिय बनेको छ ।

**पात्र** : यस कथाको मुख्य पात्र बाबु र छोरा रहेका छन् भने सहायक पात्रको रूपमा आमा रहेकी छिन् ।

**परिवेश** : प्रस्तुत कथाले गाउँले परिवेशलाई देखाएको छ । लोग्ने स्वास्नीले सन्तान नभएर तपश्या गर्नु, छोरो पाउनु, बाबु छोरा बीच झगडा हुनु, आदिले गाउँले परिवेशको सङ्केत गर्दछ ।

**उद्देश्य** : प्रस्तुत कथामा बाबुआमाले भनेका कुराहरू छोराछोरीले सहज रुपमा लिनु पर्छ, बाबुआमाले पनि छोरोछोरीको लागि उचित कुरा सिकाउनु पर्छ भन्ने खालको सन्देश दिएको छ ।

**भाषा** : यस कथामा सरल, सहज, सरस र सम्प्रेष्य विशुद्ध ग्रामीण भाषाको प्रयोग गरिएको छ ।

**शैली** : प्रस्तुत कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

## ५.१२ आमा र दुई छोराको कथा

**कथानक** : प्रस्तुत कथा धनुषा जिल्लाको उत्तरी भेगमा प्रचलित समाजिक लोककथा हो । यस कथामा एउटी आमाको चलाखपूर्ण कार्यले कान्छो छोरो मन्त्री भएको र कान्छो छोरोको पनि आफ्नै चलाखीपूर्ण कार्यबाट खुसी भई राजाले आफ्नी छोरीसँग विवाह गरिदिएको र आफ्नो राज्यको आधा राज्य समेत सुम्पिनु जस्ता श्रृङ्लावद्ध घटनाले कथा रोमाञ्चाक र लोकप्रिय बनेको छ ।

**पात्र** : यस कथामा आमा मुख्य पात्र रहेकी छिन् । जसको हल्लाले कान्छो छोरो मन्त्री भएको, दोस्रो मुख्य पात्र कान्छो छोरो रहेको छ । जसको चलाखीपूर्ण कार्यले राजाकी छोरीसँग विवाह गरी आधा राज्यको मालिक भएको छ । राजा सहायक पत्र र जेठो छोरो, र राजाकी छोरी गौण पात्रको रूपमा रहेका छन् ।

**परिवेश** : प्रस्तुत कथा दरवारीया र ग्रामीण परिवेशमा तयार गरिएको छ ।

**उद्देश्य** : यस कथाको मूल उद्देश्य मनोरञ्जन प्रदान गर्नुको साथै कहिलेकाहीँ हचुवाको भरमा बोलेर पनि ठूलो सफलता मिल्दो रहेछ भन्ने कुराको सन्देश दिएको छ ।

**भाषा** : यस लोककथामा सरल, सहज र विशुद्ध ग्रामीण भाषाको प्रयोग गरिएको छ ।

**शैली** : यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

### ५.१३ प्रेतबाट मानिस बचेको कथा

**कथानक** : प्रस्तुत कथा धनुषा जिल्लाको उत्तरी भेगमा प्रचलित पौराणिक कथा हो । यस कथामा बूढी बोक्सी भएर बूढालाई सताउनु र बुढाले सबै कुरा आफ्नो मन मिल्दो साथीलाई भन्नु, साथीको युक्तिपूर्ण कार्यले बुढाको ज्यान बच्नु जस्ता घटनाले कथा रोमाञ्चक, श्रृङ्खलित र लोकप्रिय बनेको छ ।

**पात्र** : यस कथामा मुख्य मात्र बुढाको साथी रहेको छ । उसको चलाखीपूर्ण कार्यले बुढाको ज्यान बचेको छ । बुढी यस कथाकी प्रमुख खलपात्रको रुपमा देखिन्छे भने बुढा सहायक पात्रको रूपमा रहेको छ ।

**परिवेश** : प्रस्तुत कथा ग्रामीण परिवेशमा रचिएको छ ।

**उद्देश्य** : यस कथाको मूल उद्देश्य मनोरञ्जन प्रदान गर्नुको साथै आफ्ना दुःख का कुराहरू आफ्नो मिल्दो साथीलाई भन्नु पर्दछ, जसले गर्दा आफू खतरामा परेको वेला साथीले जीवन बचाउँछ भन्ने कुराको सन्देश दिएको छ ।

**भाषा** : यस कथामा ग्रामीण परिवेशमा बोलिने सरल, सरस र विशुद्ध ग्रामीण भाषाको प्रयोग गरिएको छ ।

**शैली** : यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

### ५.१४ दुई गाँड भएको मानिसको कथा

**कथानक** : प्रस्तुत कथा धनुषा जिल्लाको उत्तरी भेगमा प्रचलित पौराणिक लोककथा हो । यस कथामा किसानले खेत जोतेर थकाई मार्न खेतमा सुतेको, खेतको नजिक जङ्गलबाट परीहरू आई किसानको गाँड लिएर गएको र किसान खुसी हुँदै छिमेकीलाई भनेको, छिमेकीले पनि किसानको जस्तै कार्य गर्दा परीहरूले छिमेकीलाई पुनः अर्को गाँड थपिदिएको प्रसङ्गले कथा हाँसोलाग्दो, श्रृङ्खलित र मनोरञ्जनपूर्ण रहेको देखिन्छ ।

**पात्र :** यस कथाको मुख्य पात्र परी हो भने किसान र छिमेकी सहायक पात्रको रूपमा देखिन्छन् ।

**परिवेश :** यो कथा गाउँले परिवेशमा प्रस्तुत गएिको देखिन्छ । किसान र खेत गाउँले परिवेशको सूचक हुन् ।

**उद्देश्य :** बढी फाइदाको पछाडि दौडनु हुँदैन, आफूसँग जे छ त्यसैमा सन्तोष हुनपर्छ भन्ने कुराको सन्देश यस कथाले दिएको छ ।

**भाषा :** यस कथमा सरल, सरस र ग्रामीण विशुद्ध भाषाको प्रयोग गरिएको छ ।

**शैली :** यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

## ५.१५ सङ्कलित लोककथाहरूको मूल्याङ्कन

सङ्कलित लोककथाहरूको मूल्याङ्कनका दृष्टिले विद्यमान नेपाली समाजको यथार्थ चित्रण उतारिएको पाइन्छ । वर्णनात्म शैलीबाट नेपाली समाजको परिवेशलाई उतार्न खोजिएको छ । जस्तो घोडा चोरको कथा, लाटो बाघ र चलाख मानिसको कथा, चलाख छोरीको कथा, बाबुछोराका कथामा वास्तविक घट्नालाई उतारिएको छ । यी कथाको मूल्याङ्कन गर्दा आफ्नो स्वार्थ पूरा गर्न खोज्दा, अर्काको सम्पत्तीमा विषालु नजर लगाउँदा आफ्नो बद्नामी, हानी तथा ज्यानै समेत गुम्न सक्ने संभावना हुन सक्छ । तसर्थ प्रगति गर्न खोज्ने तर अर्कोको सम्पत्तीमा लामो हात गर्ने प्रवृत्ति त्याग्नुपर्छ भन्ने उपदेशात्मक सन्देश पनि दिइएको छ ।

आफ्नो चलाख बुद्धि खियाएर जस्तोसुकै संकटबाट पनि छुटकारा पाउन सकिन्छ । जीवनलाई शान्ति दिलाउन सकिन्छ भन्ने तथ्यलाई प्रष्ट गरिएको कुरा लाटो बाघ र चलाख मानिसको कथाबाट बुझिन आउँछ । उता चलाख छोरीको कथाबाट हालैसम्मपनि नेपाली समाजले भोगिरहेको दर्दनाक स्थितिलाई औंल्याएको देखिन्छ । जति सुकै सन्तान जन्माएर पनि मर्ने बेला कसैले पनि रेखदेख गर्दैनन् भन्ने संकेत पनि यस कथाबाट पाउन सकिन्छ । मनोरञ्जनात्मक वर्णनात्मक, घटनाप्रधानलाई अंगीकार गर्दै आमाबुवाको हेरविचार गर्नुपर्छ भन्ने नैतिक, शैक्षिक तवरले उपदेशात्मक शैलीबाट नीतिप्रधानतालाई आत्मसाथ गरिएको देखिन्छ ।

संकलित लोककथाले वर्णनात्मक शैलीबाट नेपाली समाजको चरित्रलाई पनि आत्मसाथ गरिएको र आज समाजमा घटिरहेको वा भइरहेको कुख्यात चरित्रमाथि तिखो व्यङ्ग्य पाउन

सकिन्छ । यस अर्न्तगत भालु र स्यालको कथा, दुई आमाछोरीको कथा, एउटा राजा तीन रानीको कथा, दुई गाँड भएको मानिसको कथाबाट आजको नेपाली समाजको स्वार्थी, आडम्वरी प्रवृत्ति, अनमेल, बहुविवाह प्रणली, झै-झगडा, गरिबी, ईर्ष्या, विश्वासघात जस्ता कुराहरूलाई छर्लङ्ग पारिएको छ । भालु र स्यालको कथामा अर्काको डाह गरी आफ्नो स्वार्थ पुरा गर्न खोज्दा ज्यानै समेत जानसक्ने कुरालाई प्रबल रूपमा देखाइएको छ । आमाछोरीको कथामा नेपाली समाजमा सौतेनी आमाबाट सौतेनी छोराले खेपिरहेको हैरानीलाई देखाइएको छ भने अर्कोतर्फ आखिर जुनसुकै साइनो भएतापनि मानवले मानवमाथि मानवताकै व्यवहार गरिनुपर्छ भन्ने नैतिक पक्षलाई सबल रूपमा देखिएको छ । नेपाली समाजमा रहिरहेको बहुविवाह प्रति पनि कटु आलोचनालाई देखाइएको छ । वर्णनात्म शैलीबाट पर्दा उघारिएको छ । बहुविवाह गर्दा एकातर्फ जीवन साथीसँगको समन्वयमा पनि बाधा आउनु र रातदिनको झै-झगडाले दोस्रो व्यक्तिले फाइदा उठान सक्छ भन्ने कुरा माथि प्रष्ट पारिएको देखिन्छ ।

वर्तमान समाजमा निरंकुशताको धब्बा रहिरहेको परिवेश प्रधानतालाई पनि अघि सारिएको छ । नेपाली समाजमा एउटा धनी गरिब माथि लादिएको निरंकुश व्यवहार स्यालको फैसलाको कथामा उखुवालले घोडावाललाई गरेको व्यवहारबाट प्रष्ट देखिन आएको छ । आफूले आफ्नो सवार्थ पूरा गर्न धनी वर्गले गरिब माथि गरिने व्यवहारले राणाकालिन परिवेशको पनि झलको पाइन्छ । धनी मानिसले गरिब माथि जतिसुकै दुःख हैरानी दिएतापनि सत्यको विजय हुन्छ भन्ने कुरा जम्बु मन्त्री स्यालको फैसलाबाट प्रष्ट रूपमा देखिन्छ । यसर्थ सबैलाई समान व्यवहार गर्नुपर्छ । निस्वार्थ हुनुपर्छ भन्ने नैतिक शिक्षा तथा उपदेश दिएको छ ।

## निष्कर्ष

संकलित लोककथाबाट गरिएको विश्लेषण तथा मूल्याङ्कन गर्दा संकलित लोककथाबाट आजसम्म नेपाली समावका विशेष गरेर धनुषा जिल्लाको उत्तरी भेगमा गाढा समय र झाङ्गिएर रहेको स्वार्थी, आडम्वरी, असामाजिकता, बहुविवाह प्रथा, आत्माघाती जस्ता कुराहरूलाई यथार्थ साथ प्रष्ट पारिएको देखिन्छ ।

## परिच्छेद : छ

## उपसंहार

लोककथा लोकसाहित्यको प्रमुख अङ्ग हो । वास्तवमा भन्ने भने लोककथाले आधुनिक कथा, उपन्यास, लोकनाटक, चलचित्रको आधार स्तम्भको रूपमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । यिनै ओककथाहरूबाट प्रभावित भई आधुनिक कथा र उपन्यासले मौलाउने मौका

पाएका हुन् । प्राचीन मानव समुदायमा पनि शिक्षा दिक्षा अर्ति, उपदेश जस्ता कुराहरू लोककथाको माध्यमबाट दिइएको पाइन्छ । लोककथा लोकजीवनको ऐतिहासिक, आर्थिक, सामाजिक, पुरातात्विक आदि विषयको खोजी नीतिको क्रममा यसको भूमिका अझ महत्वपूर्ण पक्ष हो । यसैलाई मनन गरी धनुषा जिल्लाको क्षेत्रीय (उत्तरी) भेगमा प्रचलित लोककथाहरूको सङ्कलन वर्गीकरण गर्ने प्रयास गरिएको छ ।

यस अध्ययन पत्रको पहिलो परिच्छेदमा लोककथाको परिचय दिइएको छ । दोस्रो परिच्छेदमा लोककथाको सिद्धान्त, परिभाषा, लोककथाको विशेषता, परम्परा आदि विषयमा सामान्य रूपमा प्रकाश गरिएको छ । तेस्रो परिच्छेदमा सङ्कलित लोककथाहरूको वर्गीकरण गरी सामान्य परिचय दिइएको छ ।

चौथो परिच्छेदमा सङ्कलित लोककथाहरूलाई क्रमशः राखिएको छ र मूल्याङ्कन पनि गरिएको छ । जीवनजगत्को छाँयाचित्र लोककथाले उतार्ने भएको हुनाले लोककथाको अध्ययन अनुसन्धान सामग्री जुटाउन सङ्कलनको नितान्त आवश्यक हुन्छ । जबसम्म सङ्कलन कार्य अधुरो हुन्छ तबसम्म लोककथाको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्न कठिन हुन्छ ।

लोककथाको आफ्नै मौलिकता रहेको पाइन्छ । यसमा भाषाको वैयाकरणिक नियमको पालना गरिएको हुँदैन । कथावाचकले आफ्नो बोलीमा जसरी शब्दहरूको उच्चारण गरेर कथालाई प्रस्तुत गरेको हुन्छ त्यही लोकस्तरीय बोलीमा लोककथालाई लिखित रूपमा उतार्ने हुँदा यस अध्ययन पत्रमा सङ्कलित लोककथाहरूलाई त्यही रूपमा उतार्ने प्रयास गरिएको छ । स्थानीय लौकिक संस्कृति, लोकविश्वास तथा लोकपरम्परा र किंवदन्तीहरू लोककथामा अभिव्यक्त हुनेहुँदा त्यस्ता लोककथाले स्थान विशेषको भौगोलिक परिचय साथै लौकिक साँस्कृतिको समेत स्पष्ट परिचय दिन्छ ।

लोककथाहरू विषयगत दृष्टिले विभिन्न स्वरूपका हुन्छन् । जस्तै सामाजिक, साँस्कृतिक, धार्मिक, पौराणिक, नैतिक, रहस्यात्मक, कौतुहलपूर्ण, जासुसी आदि प्रकारका लोककथाहरू हुन्छन् । धनुषा जिल्लाका सङ्कलित लोककथाहरूमा सामाजिक, पौराणिक र मानिस तथा पशुपन्छी सम्बन्धी कथाहरू यस अध्ययन पत्रमा समावेश गरिएका छन् र तिनीहरूको सामान्य परिचय दिइएको छ ।

**आगामी शोधार्थीहरूका लागि सम्भावित शोध शीर्षकहरू**

१. धनुषा जिल्लामा प्रचलित लोकगीतहरूको सङ्कलन

२. धनुषा जिल्लामा प्रचलित मैथली लोककथाहरूको अध्ययन र सङ्कलन

## सन्दर्भग्रन्थ सूची


गिरी, जीवेन्द्रदेव (२०५७), ***लोकसाहित्यको अवलोकन (ख)***, काठमाडौं : एकता बुक्स प्रकाशन ।

चेमजोङ, इमानसिंह (२०२१), ***स.क. किराती दन्त्यकथा***, काठमाडौं : रोयल एकेडेमी ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), ***नेपाली लोकसाहित्यको विवेचना***, काठमाडौंः त्रि.वि.वि. ।

पराजुली, कृष्णप्रसाद (२०५७), ***नेपाली लोकगीतको आलेख***, काठमाडौं : विणा प्रकाशन प्रा.लि. ।

पराजुली, मोतीलाल (२०५५), ***नेपाली लोककथाको अभिप्रायको अध्ययन***, काठमाडौँ : अप्रकाशित शोध प्रबन्ध ।

वन्धु, चुडामणि (२०५८), ***नेपाली लोकसाहित्य***, काठमाडौँ : एकता बुक्स ।

सिजापति, ललितजंग (२००३), ***दन्त्यकथामाला***, काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

## परिशिष्ट

## सूचाङ्क

| सि.नं. | लोककथाको शीर्षक | सूचकको नाम | ठेगाना |
|---|---|---|---|
| | मानिस र पशुपंक्षीका लोककथाहरू | | |
| १ | मानिस र पशुपंक्षी लोककथाहरू | धनबहादुर भुजेल | वेंगाडावर-८ |

| | | | |
|---|---|---|---|
| २ | स्यालको फैसलाको कथा | इश्वरी ढुङ्गाना | वेंगाडावर-६ |
| ३ | लाटो बाघ र चलाख मानिसको कथा | दधिराम पौड्याल | तुलसी -२ |
| ४ | मुसाको कथा | शिव खत्री | ढल्केवर-४ |
| ५ | भालु र स्यालको कथा | गोपाल थापा | हरिहरपुर-४ |
| | सामाजिक लोककथाहरू | | |
| १ | दुई आमाछोरीको कथा | भरत फुँयाल | ढल्केवर-३ |
| २ | चलाख छोरकिो कथा | राम प्रसाद गजुरेल | तुलसी-१ |
| ३ | बाबुछोराको कथा | झलकमान सुनुवार | वटेश्वर-१ |
| ४ | एउटा राजा र तीन रानीको कथा | गुन्जबहादुर कार्की | वेङ्गाडावर-९ |
| ५ | ऋषिको कथा | भुवन वि.क. | वटेश्वर-२ |
| ६ | आमा र दुई छोराको कथा | लिम्बमान भुजेल | वेङ्गाडावर-८ |
| | पौराणीक कथा | | |
| १ | प्रेतबाट मानिस बचेको कथा | भुपाल बराल | हरिहरपुर-१ |
| २ | दुई गाड भएको मानिस कथा | चेत प्रसाद भट्टराई | वटेश्वर-१ |